# पर्यटनसँग सम्बन्धित वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

(आ.व.२०८१/०८२ को लागि)

सुदूरपश्चिम प्रदेश सरकार

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

धनगढी, कैलाली

## पृष्ठभूमि

प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा साहसिक दृष्टिकोणबाट नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्यको रुपमा रहेकोछ भने सुदूरपश्चिम प्रदेशमा समेत यसको ठूलो सम्भावना रहेकोछ । पर्यटकीय गन्तव्यहरूको विविधिकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन उद्योगलाई प्रादेशिक अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्न जरूरी देखिन्छ । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरीबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु वाञ्छनीय छ । छिमेकी मुलुकहरूको मध्यम आय भएको ठूलो जनसङ्ख्या र उच्च आर्थिक वृद्धिबाट सृर्जित अवसरबाट लाभ प्राप्त गरी नेपालमा पर्यटन आगमन द्रुततर रूपमा वृद्धि हुने अधिक सम्भावना रहेकोछ । यसबाट उच्च रोजगारी सिर्जना र आयको वितरणमा पनि सहयोग पुग्नेछ । पर्यटन क्षेत्रको विकासबाट अर्थतन्त्रमा योगदान बढ्न सक्ने अवस्था रहे तापनि आशातीत प्रतिफल प्राप्त हुन नसकिरहेको अवस्था विद्यमान छ । खासगरी पर्यटकीय क्षेत्रको प्रचार प्रसार नहुनु, पर्यटन पूर्वाधार विकास नहुनु, ऐतिहाँसिक, सांस्कृतिक र पर्यटकीय पूर्वाधारहरूको उचित व्यवस्थापनमा कमी रहनु नै यस क्षेत्रका प्रमुख चुनौतीहरु रहेका छन् ।

सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बृहत्तर कार्यक्षेत्रहरू मध्येको एक प्रमुख क्षेत्रका रुपमा रहेको पर्यटनलाई उच्च महत्व दिँदै विगतका आ.व. हरूमा झै यस आ.व. २०८१/०८२ मा पनि पर्यटनसँग सम्बन्धित वार्षिक स्वीकृत कार्यक्रमहरूका लागि बजेट विनियोजन गरीएको छ । यसरी वार्षिक स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्न सहज र प्रभावकारी बनाउनका लागि "पर्यटनसँग सम्बन्धित वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" तयार गरीएको छ । सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७९ र बजेट कार्यान्वयन सम्बन्धी सङ्घीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेका मार्गदर्शन लगायतका कानूनहरुको अधिनमा रहि कार्यक्रम कार्यान्वयन गर्न यो कार्यविधि जारी गरीएको छ ।

वार्षिक स्वीकृत कार्यक्रमहरू कार्यान्वयन गर्ने निकायले प्रचलित कानून अनुसार सञ्चालन तथा सम्पादन गर्नुपर्नेछ। यस कार्यविधिले नसमेटेको विषयहरू नेपाल सरकारबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख भए बमोजिम सञ्चालन गर्न सकिनेछ ।

विषय-सूची

पृष्ठभूमि ........ i
प्रस्तावना ........ १
१. संक्षिप्त नाम र प्रारम्भ ........ १
२. परिभाषा ........ १
३. पर्यटन पूर्वाधार विकास तथा अन्य सार्वजनिक निर्माणसँग सम्बन्धित कार्यक्रमहरू ........ १
३.१ खप्तड पर्यटकीय क्षेत्रको पदमार्ग/सडक निर्माण तथा स्तरोन्नति ........ ४
३.२ बडिमालिका पर्यटकीय क्षेत्रमा पदमार्ग, मन्दिर परिसरमा रेलिङ, शौचालय, विश्रामस्थल निर्माण, खानेपानी व्यवस्थापन तथा मन्दिरमा चढाइएको घण्टी व्यवस्थापन ........ ४
३.३ बेदकोट धार्मिक पर्यटकीय क्षेत्र परिसर भित्र रहेको ताल वरिपरि पदमार्ग निर्माण, खानेपानी जडान तथा शौचालय निर्माण, कञ्चनपुर ........ ५
३.४ जगतपुर थारू संग्रहालय निर्माण, कैलाली ........ ५
३.५ त्रिपुरा सुन्दरी मन्दिर देखि कापडी गाउँ हुँदै कैलपालमाण्डौ सम्म पर्यटकीय पदमार्ग निर्माण, बैतडी ........ ६
३.६ बाँकाबिर मार्ग निर्माण (राजकाँडा-चोसेकाँडा-पण्डोन-खैराला-सहजपुर) ........ ६
३.७ संघ सरकारसँग समन्वय तथा सहकार्य गरी अछाम जिल्लाको मंगलसेन दरवारको पुनर्निर्माण तथा व्यवस्थापन ........ ७
३.८ ऐतिहाँसिक तलकोट दरवार पुनर्निर्माण ........ ७
३.९ अजयमेरुकोट ऐतिहाँसिक पर्यटकीय स्थलको संरक्षण तथा व्यवस्थापन, डडेल्धुरा ........ ७
३.१० शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज भित्र चरा अवलोकन पदमार्ग निर्माण ........ ८
३.११ गर्वा दरवार पर्यटन प्रवर्द्धन कार्यक्रम ........ ८
३.१२ सुदूरपश्चिम प्रदेशको पर्यटन प्रवर्द्धनका लागि बाह्रसिंगाको मूर्ति स्थापना ........ ८
४. धार्मिक पर्यटकीय पूर्वाधार निर्माण ........ ९
४.१ बेहडाबाबा मन्दिर निर्माण ........ ९
४.२ मालिकार्जुन धाम पूर्वाधार निर्माण ........ ९
४.३ गोदावरी धाममा पर्यटकीय पूर्वाधार निर्माण तथा प्रवर्द्धन कार्यक्रम ........ १०
४.४ त्रिपुरा सुन्दरी रणसैनी मन्दिर धार्मिक पर्यटकीय क्षेत्र परिसर भित्र विश्राम गृह, भगवती मूल थान निर्माण, मौनी गाउँ तथा मन्दिर परिसर भित्र रहेका संरचनाहरूको संरक्षण सम्वर्द्धन एवं सम्भार ........ १०
४.५ ऐतिहाँसिक पर्यटकीय मष्टा मन्दिर पूर्वाधार विकास निर्माण, बझाङ ........ १०
४.६ प्राचिन मष्टा संस्कृति प्रवर्द्धनका लागि आवश्यक पर्यटन पूर्वाधार निर्माण, बैतडी ........ ११
४.७ बैजनाथ मन्दिर भौतिक संरचना, डिलासैनी विद्युत भवन नजिक गौरा घर निर्माण र गल्लेकेदार बोदलाशैनी भगवती मन्दिर निर्माण, कञ्चनपुर ........ ११
(क) बैजनाथ मन्दिर भौतिक संरचना निर्माण, बेदकोट -३, भम्का, कञ्चनपुर ........ ११
(ख) गौरा घर निर्माण, शुक्लाफाँटा -१२, कञ्चनपुर ........ ११
(ग) गल्लेकेदार बोदलाशैनी भगवती मन्दिर निर्माण, शुक्लाफाँटा -१, कञ्चनपुर ........ ११

४.८ चुनेपानी धार्मिक पर्यटकीय स्थलमा स्नानगृह तथा शौचालय निर्माण र भुमिराज मन्दिरको अधुरो सत्संग भवन निर्माण, कञ्चनपुर........................................................................................ १२
(क) चुनेपानी धार्मिक पर्यटकीय स्थलमा पूर्वाधार निर्माण........................................................ १२
(ख) भुमिराज मन्दिरको अधुरो सत्संग भवन निर्माण................................................................. १२
४.९ बैजनाथ मन्दिर सिमलफाँटा र शिद्ध बैजनाथ परिसर भित्र भौतिक संरचना निर्माण, कञ्चनपुर...... १२
(क) बैजनाथ मन्दिर सिमलफाँटा परिसर भित्र भौतिक संरचना निर्माण........................................ १२
(ख) शिद्ध बैजनाथ मन्दिर परिसर भित्र भौतिक संरचना निर्माण.................................................. १२
४.१० धार्मिक पर्यटकीय स्थल बिष्णु साकेतधाम परिसर भित्र गुरुयोजना अनुसार संरचना निर्माण, कञ्चनपुर........................................................................................................................ १३
४.११ आदिवासी थारू समुदायको मरुवा निर्माण, कैलाली.................................................................. १३
(क) आदिबासी थारू समुदायको मरुवा निर्माण, लम्की चुहा न.पा. ............................................ १३
(ख) आदिबासी थारू समुदायको मरुवा निर्माण, जानकी गा.पा.................................................... १३
(ग) आदिबासी थारू समुदायको मरुवा निर्माण, बर्दगोरीया गा.पा. ............................................. १३
४.१२ राना र चौधरी समुदायको भुइया र थुनुवा मन्दिरहरू निर्माण.................................................. १३
(क) भुइया मन्दिर निर्माण, बेदकोट, कञ्चनपुर ............................................................................ १४
(ख) थुनुवा मन्दिर निर्माण, शुक्लाफाँटा, कञ्चनपुर........................................................................ १४
४.१३ अधुरो बौद्ध गुम्बा निर्माण, कैलाली........................................................................................ १४
(क) अधुरो बौद्ध गुम्बा निर्माण, जानकी -२, कैलाली.................................................................... १४
(ख) अधुरो बौद्ध गुम्बा निर्माण, लम्की चुहा -४, कैलाली.............................................................. १४
४.१४ गाढा भौनेली (भुमिराज) प्राचिन मन्दिर धर्मशाला तथा घेरपर्खाल निर्माण, बैतडी.................... १४
४.१५ प्राचिन दुर्गामाण्डौ धाम पर्यटकीय क्षेत्र पूर्वाधार निर्माण, बैतडी............................................... १४
४.१६ मेलौली भगवती पर्यटन प्रवर्द्धन कार्यक्रम, बैतडी ..................................................................... १५
४.१७ कैलाशधाम धार्मिक पर्यटकीय क्षेत्रमा रङरोगन तथा घेरबार निर्माण, कैलाली........................ १५
४.१८ झ्केनीधाम कञ्चनपुरमा नेपाल आमाको मूर्ति निर्माण ............................................................ १५
४.१९ झ्केनीधाममा अधुरो पूर्वाधार निर्माण, कञ्चनपुर ..................................................................... १५
४.२० धार्मिक क्षेत्रमा धर्मशाला निर्माण.............................................................................................. १६
(क) शैलेश्वरी मन्दिरमा धर्मशाला निर्माण, दिपायल सिलगढी -६, डोटी ....................................... १६
(ख) उग्रतारा मन्दिरमा धर्मशाला निर्माण, डडेल्धुरा........................................................................ १६
४.२१ घोडाघोडी धर्मशालाको अधुरो भवन मर्मत सम्भार, घोडाघोडी -१, कैलाली .......................... १६
५. प्राकृतिक ताल तथा सिमसार संरक्षण तथा व्यवस्थापन .............................................................. १६
५.१ बैजनाथ ताल संरक्षण तथा व्यवस्थापन, कञ्चनपुर ..................................................................... १६
५.२ झिलमिला ताल पर्यटकीय क्षेत्र पूर्वाधार निर्माण ......................................................................... १७
५.३ शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज भित्र रहेको रानीताल संरक्षण तथा व्यवस्थापन.............................. १७
५.४ लामिताल संरक्षण तथा व्यवस्थापन, गोदावरी -२, कैलाली........................................................ १७
५.५ घोडाघोडी ताल संरक्षण तथा पर्यटन प्रवर्द्धन, घोडाघोडी -१, कैलाली ...................................... १७

६. पर्यटकीय पार्क निर्माण एवं व्यवस्थापन कार्यक्रम ........ १७
६.१ नगर विकासको अतिक्रमण हटाईएको पुरानो बसपार्क क्षेत्रमा नक्षत्र बाटिका सहितको खुला पार्क निर्माण, कञ्चनपुर ........ १८
६.२ हरित पार्क तथा बाल उद्यान (गत आ.व. को अधुरो) निर्माण, गोदावरी -१, कैलाली ........ १८
६.३ पार्क निर्माण योजना, गोदावरी -१, वनदेवि टोल, कैलाली ........ १८
६.४ टिकापुर पार्क पर्यटन प्रवर्द्धन कार्यक्रम, कैलाली ........ १९
६.५ मोहन्याल धार्मिक वन क्षेत्रमा पार्क निर्माण, गौरीगंगा -१, कैलाली ........ १९
६.६ स्वर्गिय प्रेमसिंह धामी ब्यास बिशेष पर्यटन प्रवर्द्धन कार्यक्रम, दार्चुला ........ १९
७. प्राकृतिक झरना संरक्षण एवं व्यवस्थापन कार्यक्रम ........ २०
७.१ बतासे झरना संरक्षण तथा व्यवस्थापन, शुक्लाफाँटा -८, कञ्चनपुर ........ २०
७.२ आम्पानीमा प्राकृतिक झरना निर्माण, कैलाली ........ २०
८. संस्कृति संरक्षण एवं पर्यटन प्रवर्द्धन कार्यक्रम ........ २१
८.१ होमस्टे प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम ........ २१
(क) थारू होमस्टे प्रवर्द्धन कार्यक्रम, लम्कीचुहा, कैलाली, ........ २२
(ख) जगतपुर थारू होमस्टे प्रवर्द्धन कार्यक्रम, जानकी गाउँपालिका -६ कैलाली, ........ २२
(ग) मझगाउँ होमस्टे प्रवर्द्धन, गोदावरी -८ कैलाली, ........ २२
(घ) होमस्टे प्रवर्द्धन, गौरीगंगा -१० कैलाली, ........ २२
(ङ) झण्डाभोज चौधरी गाउँमा होमस्टे निर्माण, शुक्लाफाँटा -७, कञ्चनपुर, ........ २२
(च) राना होमस्टे निर्माण तथा सञ्चालन, शुक्लाफाँटा -४, असैना, कञ्चनपुर, ........ २२
(छ) जोलजिबी सामुदायिक पर्यटकीय होमस्टे निर्माण, मालिकार्जुन -७, दार्चुला ........ २२
८.२ सखिया नाच पर्यटन प्रवर्द्धन कार्यक्रम, कैलाली ........ २२
८.३ थारू भाषा, कला, संस्कृति सम्वर्द्धन तथा प्रवर्द्धन कार्यक्रम ........ २३
९. क्षमता अभिवृद्धि तथा संस्थागत विकास कार्यक्रम ........ २३
९.१ नेचर गाईड तालिम तथा अवलोकन भ्रमण ........ २३
९.२ होटेल व्यवसायीहरू तथा सरोकारवालाहरूलाई आतिथ्यता सम्बन्धी तालिम ........ २४
१०. पर्यटन प्रवर्द्धन कार्यक्रम ........ २४
१०.१ सैपाल हिमालको रुट रेखी पहिचान तथा प्रवर्द्धन कार्यक्रम, बझाङ ........ २४
१०.२ डल्फिन संरक्षण कार्यक्रम ........ २५
१०.३ पर्यटन सहायता केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यक्रम ........ २५
१०.४ पर्यटन महोत्सव ........ २६
(क) विश्व पर्यटन दिवस मनाउने ........ २६
(ख) प्रादेशिक पर्यटन महोत्सव ........ २६
(ग) प्रदेश स्तरीय होमस्टे मेला महोत्सव ........ २९
१०.५ सुदूरपश्चिम प्रदेशका प्रमुख पर्यटकीय स्थल तथा वन्यजन्तु सम्बन्धी फोटो प्रदर्शनि ........ २९
१०.६ पर्यटन दूत घोषणा, सहजिकरण तथा पर्यटन प्रवर्द्धन कार्यक्रम ........ ३०

१०.७ बिभिन्न पर्यटकीय स्थलको विवरण सहितको होर्डिङ बोर्ड र साईनेज डिजाइन, निर्माण तथा जडान ........ ३०
१०.८ पर्यटन सम्बन्धी विभिन्न पम्पलेट तथा ब्रोसर निर्माण, खरिद तथा वितरण........ ३०
१०.९ अपाङ्गता भएका व्यक्तिहरूको लागि पर्यटन प्रवर्द्धन कार्यक्रम ........ ३१
१०.१० बडिमालिका मेला व्यवस्थापन कार्यक्रम ........ ३१
११. पर्यटकीय बस्तु र सेवा सुविधा विस्तार........ ३१
११.१ प्रदेशमा रहेका प्रमुख पर्यटकीय क्षेत्र तथा वन्यजन्तु सम्बन्धी प्रचार प्रसार सामग्री (फोटो फ्रेम) तयारी तथा वितरण ........ ३१
११.२ प्रदेशको पहिचान झल्कीने मायाको चिनो डिजाइन, निर्माण तथा खरीद........ ३१
११.३ पर्यटन सूचना केन्द्र तथा Souviner Shop स्थापना तथा प्रवर्द्धन ........ ३२
स्थानीय तह वित्तिय हस्तान्तरण कार्यक्रम........ ३४
स्थानीय तहबाट कार्यान्वयन हुने प्रदेश सरकारको सशर्त अनुदान कार्यक्रमको कार्यान्वयन कार्यविधि, २०८१ ........ ३४
१२. पर्यटन पूर्वाधार विकास तथा अन्य सार्वजनिक निर्माणसँग सम्बन्धित कार्यक्रमहरू ........ ३५
१३. पर्यटकीय पदमार्ग, पैदल मार्ग र गोरेटो बाटो निर्माण ........ ३५
१४. पर्यटकीय पार्क निर्माण तथा स्तरोन्नती........ ३६
१५. धार्मिक पूर्वाधार निर्माण, मर्मत, स्तरोन्नती, संरक्षण तथा जिर्णोद्धार ........ ३६
१६. ऐतिहाँसिक तथा पुरातात्विक संरचना मर्मत, संरक्षण तथा जिर्णोद्धार........ ३७
१७. प्राकृतिक पानी मुल/मुहान, झरना र ताल संरक्षण तथा व्यवस्थापन........ ३७
१८. साहसीक पर्यटकीय कार्यक्रम सञ्चालन........ ३८
१९. संग्रहालय सञ्चालन तथा व्यवस्थापन ........ ३८
२०. होमस्टे सञ्चालन ........ ३८
२१. तालिम, प्रशिक्षण कार्यक्रमहरु........ ३९
२२. प्रचलित कानून बमोजिम हुने ........ ३९
२३. बाधा अड्काउ फुकाउन सक्ने ........ ३९
अनुसूची -१ ........ ४०
योजना वा निर्माण स्थल अवलोकन तथा छनौट सम्बन्धी प्रतिवेदन ........ ४०
अनुसूची -२ ........ ४२
पर्यटन पूर्वाधार हस्तान्तरण फाराम........ ४२

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
धनगढी, कैलाली, नेपाल

**प्रस्तावना**

सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बृहत्तर कार्यक्षेत्रहरू मध्येको एक प्रमुख कार्यक्षेत्रको रुपमा रहेको पर्यटन क्षेत्रको लागि आ.व. २०८१/०८२ मा स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित बजेटको प्रभावकारी ढङ्गले कार्यान्वयन गरी अधिकतम उपलब्धि हासिल गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको कार्यविधि बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "पर्यटनसँग सम्बन्धित वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि" भन्नाले पर्यटनसँग सम्बन्धित वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सम्झनु पर्छ ।

(ख) "प्रचलित कानून" भन्नाले सङ्घीय कानून र प्रदेश कानूनलाई सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(घ) "कार्यान्वयन गर्ने निकाय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत पर्यटनसँग सम्बन्धित वार्षिक कार्यक्रम कार्यान्वयनका लागि तोकिएको निकाय सम्झनु पर्छ ।

## ३. पर्यटन पूर्वाधार विकास तथा अन्य सार्वजनिक निर्माणसँग सम्बन्धित कार्यक्रमहरू

पर्यटकीय क्षेत्रको आकर्षण तथा पर्यटकीय क्षेत्रहरुमा पहुँच वृद्धि गर्न आवश्यक पूर्वाधार निर्माण, मर्मत सम्भार तथा संरक्षण गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेकोछ । पर्यटन पूर्वाधार विकास लगायत अन्य सार्वजनिक विकास निर्माण कार्य सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ,

(क) सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत चालु आ.व. २०८१/०८२ मा स्वीकृत पर्यटन विकास सम्बन्धी पर्यटन पूर्वाधार तथा अन्य सार्वजनिक भौतिक पूर्वाधार निर्माणका कृयाकलापहरू तथा योजनाहरू सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ का साथै सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७९, सुदूरपश्चिम प्रदेश सरकारको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम लगायतका बजेट कार्यान्वयन सम्बन्धी सङ्घीय सरकार र



प्रमोद भट्टराई
प्रदेश सचिव

सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेका ऐन, नियमावली, निर्णय, नीति, निर्देशन तथा गुरु योजनाको पूर्ण रुपमा पालना गरिनेछ ।

(ख) कृयाकलाप र सञ्चालन गरिने स्थान यकिन नभएका योजनाहरुको हकमा विनियोजित बजेट, कार्यक्रमहरूको लक्ष्य, उद्देश्य र स्वरूपमा फरक नपर्ने गरी आयोजना स्थलमा के कस्ता कृयाकलापहरू सञ्चालन गर्ने भन्ने विषयमा कार्यान्वयन गर्ने निकायका प्राविधिक, स्थानीय तहका प्रतिनिधि र सरोकारवालाहरुद्वारा स्थलगत अध्ययन, अवलोकन गरी पहिचान गरे बमोजिमका कृयाकलापहरू स्वीकृत बजेटको अधीनमा रहि सञ्चालन गरिने स्थान र परिमाण तय गर्नुपर्नेछ ।

(ग) योजना सञ्चालन गर्दा सम्बन्धित क्षेत्रको गुरुयोजना र विस्तृत योजना प्रतिवेदन (DPR) तयार तथा स्वीकृत भएको भए स्वीकृत योजनामा तोकिएको स्थानमा तोकिए बमोजिमको पूर्वाधार निर्माण गर्नुपर्नेछ ।

(घ) वार्षिक कार्यक्रम अनुसार सञ्चालन गरिने कृयाकलाप र स्थान छनौट भै सकेपछि कार्यान्वयन गर्ने निकायमा कार्यरत प्राविधिकहरूले उक्त योजनाको लागत इष्टिमेट र ड्रइङ्ग डिजाइन तयार गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ । तर प्राविधिक जटिलताको कारण वा बिशेष प्राविधिक सेवा आवश्यक पर्ने भै कार्यान्वयन गर्ने निकायमा कार्यरत प्राविधिकबाट योजनाको लागत इष्टिमेट र ड्रइङ्ग डिजाइन तयार गर्न नसक्ने अवस्था भएमा सोको लागि गैर सरकारी संस्थाबाट प्रचलित कानून बमोजिम सम्बन्धित गैरसरकारी संस्था वा विज्ञ प्राविधिकको सेवा खरिद गरी लागत इष्टिमेट र ड्रइङ्ग डिजाइन तयार गर्न सकिनेछ ।

(ङ) एउटै प्रकृतिका र भौगोलिक क्षेत्र समेत समान रहेको एक भन्दा बढी योजनाहरूको प्याकेज तयार गरी एउटै ठेक्का प्रक्रियाबाट कार्य सञ्चालन गरी सम्पन्न गर्न सकिनेछ । यसरी ठेक्का प्रणालीबाट योजना कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(च) एक वर्षिय योजना सञ्चालनका लागि वार्षिक विनियोजित बजेट अपुग भै योजना अधुरो रहने अवस्था देखिएमा स्थानीय तह लगायतका साझेदार निकायसँग समन्वय तथा सम्झौता (MOU) गरी योजना सञ्चालन तथा सम्पन्न गर्न सकिनेछ ।

(छ) कार्यान्वयन गर्ने निकायले दश लाख रुपैयासम्मको योजना तथा कार्यक्रम सञ्चालन गर्नको लागि स्थानीय दैनिक समाचारपत्रमा कम्तीमा १५ दिनको अवधि दिई सूचना प्रकाशन गरी त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थाबाट प्रस्ताव माग गर्नुपर्नेछ । सूचनाको म्याद भित्र दर्ता भएका प्रस्तावहरुको मूल्याङ्कन गरी छनौट भएको संस्थासंग सम्झौता गरी कार्य सञ्चालनको जिम्मेवारी दिइनेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

(ज) योजना सम्पन्न भए पश्चात प्रचलित कानून बमोजिम उक्त क्षेत्रको संरक्षण वा व्यवस्थापनको जिम्मेवारी रहेको संस्थालाई योजना हस्तान्तरण गरिनेछ । तर, कानून बमोजिम जिम्मेवार संस्था यकिन नभएको अबस्थामा योजना सञ्चालन गर्नु पूर्व लाभग्राही समुदाय यकिन तथा समिति गठन गरी पठाउन सम्बन्धित स्थानीय तहको वडा कार्यालयलाई पत्राचार गरी वडाले तोकि दिएको लाभग्राही समुदायद्वारा गठित समितिलाई योजना हस्तान्तरण गरिनेछ ।

(झ) निर्माण कार्य सम्पन्न पश्चात अनुसूची -२ को ढाँचामा निर्माण भएको पूर्वाधार वा भौतिक संरचना सम्बन्धित क्षेत्रको व्यवस्थापनको जिम्मेवारी रहेको वा स्थानीय तहले तोकि दिएको संस्थालाई हस्तान्तरण गरिनेछ । तत् पश्चात उक्त पूर्वाधार वा भौतिक संरचनाको रेखदेख तथा मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेबारी सम्बन्धित संस्था वा लाभग्राही समुदायको हुनेछ ।

(ञ) सामुदायिक वन भित्र पर्यापर्यटन प्रवर्द्धन हुने प्रकृतिका कार्यक्रमहरूको सवालमा "सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यविधि २०७५" बमोजिम सम्बन्धित उपभोक्ता समिति वा समूहसंग साझेदारी गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

(ट) भौतिक संरचना वा पूर्वाधार निर्माण गर्दा निर्माण गरिने जग्गाको सुनिश्चितता गरेर मात्र कार्य सञ्चालन गर्नुपर्नेछ । यस कार्यक्रम अन्तर्गत भवन पूर्वाधार निर्माण गर्दा व्यक्तिगत वा निजी स्वामित्व रहेको जग्गामा निर्माण गरिने छैन । तर, सार्वजनिक जग्गाको हकमा सम्बन्धित हकवाला संस्था र कार्यान्वयन गर्ने निकाय विच निर्मित संरचना व्यवस्थापन र जग्गा प्रयोग सम्बन्धी सम्झौता गरी योजना कार्यान्वयन गर्न सकिनेछ ।

(ठ) यस कार्यविधिमा उल्लेख भएका कार्यक्रम तथा योजना सम्बन्धी प्रस्ताव आह्वान गर्दा कार्यान्वयन गर्ने निकायमा कार्यरत अधिकृत कर्मचारीको संयोजकत्वमा मन्त्रालयको पर्यटन शाखामा कार्यरत अधिकृत, कार्यान्वयन गर्ने निकायको ईन्जिनियरिङ्ग सेवाको कर्मचारी, लेखाको काम गर्ने कर्मचारी समेत बढीमा ५ जनाको मूल्याङ्कन समिति गठन गरिनेछ । मूल्याङ्कन समितिले प्रचलित कानून अनुसार प्रस्ताव मूल्याङ्कनको आधार निर्धारण र प्रस्ताव मूल्याङ्कन गरी सिफारिस सहित कार्यान्वयन गर्ने निकायको प्रमुख समक्ष पेश गर्नुपर्नेछ । जटिल विषय वस्तुहरू रहेको योजना प्रस्तावहरूको मूल्याङ्कनको लागि उक्त समितिले सम्बन्धित विषय विज्ञ वा बिषयगत निकायबाट परामर्श लिन सक्नेछ । मूल्याङ्कन समितिले योजना छनौटको आधार निर्धारण कार्य बढीमा ७ दिन र मूल्याङ्कनको कार्य बढीमा १० दिन भित्र सम्पन्न गरी पेश गर्नुपर्नेछ । तर यस कार्यविधिमा कार्य सञ्चालन सम्बन्धमा समिति गठन सम्बन्धि अलग्गै व्यवस्था गरीएको भए सोही अनुसार गरिनेछ ।

(ड) ऐतिहाँसिक तथा पुरातात्विक महत्वका क्षेत्रहरूमा नयाँ संरचना निर्माण, पुनर्निर्माण वा संरक्षणका कार्यहरू सञ्चालन गर्दा उक्त क्षेत्रको पुरातात्विक अवस्थामा कुनै असर नपर्ने गरी कार्य सञ्चालन गर्नुपर्नेछ । धार्मिक, ऐतिहाँसिक क्षेत्रमा नयाँ निर्माण गरिने सँरचनाहरू सकभर मौलिक कला र शैलि अनुसार निर्माण गर्नुपर्नेछ ।

(ढ) कार्य सम्पन्न पश्चात अन्तिम भुक्तानी माग गर्दा कार्यक्रम सञ्चालन गर्नु पूर्व र सम्पन्न भए पछिको फोटो, सम्पन्न भएका कार्यहरूको बिल, भर्पाई, कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदनका साथै प्रचलित कानून बमोजिम आबश्यक अन्य कागजातहरु सम्बन्धित पक्षले कार्यान्वयन गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछ ।

(ण) यस बमोजिमका कार्यक्रमहरु सञ्चालनको लागि स्थलगत अवलोकन, स्थल छनौट वा यकिन गर्ने तथा अनुगमन कार्यमा खटिने कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, बैठक भत्ता, खाजा र सो कार्यका लागि आबश्यक पर्ने सामग्रीहरु खरिदका लागि सम्बन्धित कार्यक्रमका लागि विनियोजित वजेट शीर्षकको रकमबाट खर्च गर्न सकिनेछ ।

### ३.१ खप्तड पर्यटकीय क्षेत्रको पदमार्ग/सडक निर्माण तथा स्तरोन्नति

यस प्रदेशको भू-स्वर्गको रुपमा रहेको प्रमुख पर्यटकीय गन्तव्य खप्तड पर्यटकीय क्षेत्र भित्र पर्यटकीय महत्व बोकेका आश्रम, मठ मन्दिर, ताल तलैया र मनोरम प्राकृतिक भू-दृश्यहरू रहेका छन् । यस कार्यक्रम अन्तर्गत खप्तड पर्यटकीय क्षेत्रमा जाने पर्यटक तथा तिर्थालुहरुको लागि सहज होस भन्ने उद्देश्यका साथ पदमार्ग र आबश्यक पूर्वाधारहरु निर्माण गरिनेछ ।

कार्यान्वयन गर्ने निकायले प्राविधिकको प्रत्यक्ष निगरानीमा बझाङ दारुगाउँ होमस्टे देखि लोखडासम्मको पदमार्ग र चौताराहरू निर्माण तथा स्तरोन्नति गरी कार्यक्रम सञ्चालन तथा सम्पन्न गर्नेछ । पदमार्ग निर्माण गर्दा स्थानीय रुपमा उपलब्ध ढुङ्गा छपाई गरी निर्माण गर्नुपर्नेछ । लागत इष्टिमेट अनुसार गुणस्तरीय पदमार्ग निर्माण गरिनेछ । यसै वजेटबाट खप्तड जाने बाटोमा पर्ने दारुगाउँ होमस्टे गाउँमा सार्वजनिक शौचालय नभएकोले पर्यटकहरूलाई असहज हुने गरेको हुँदा यसै कार्यक्रमका लागि विनियोजित बजेटबाट उक्त स्थानमा सार्वजनिक शौचालय समेत निर्माण गरिनेछ ।

### ३.२ बडिमालिका पर्यटकीय क्षेत्रमा पदमार्ग, मन्दिर परिसरमा रेलिङ, शौचालय, विश्रामस्थल निर्माण, खानेपानी व्यवस्थापन तथा मन्दिरमा चढाइएको घण्टी व्यवस्थापन

सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लामा रहेको बडिमालिका क्षेत्र धार्मिक तथा प्राकृतिक दृश्यावलोकनको दृष्टिकोणबाट प्रचुर पर्यटकीय सम्भावना बोकेको क्षेत्र हो । यस क्षेत्रमा जनैपूर्णिमाको समयमा मेला लाग्ने भएपनि कठिन पहुच मार्ग र वसाइको समस्याको कारण अन्य समयमा कमै पर्यटकहरू घुम्न जाने गर्दछन् ।



प्रमोद भट्टराई
प्रदेश सचिव

समुन्द्री सतहबाट करिब ४२०० मिटरको उचाईमा रहेको यस क्षेत्रमा पुग्न बाजुरा सदरमुकामबाट तीन दिन पैदल यात्रा गर्नु पर्दछ ।

धार्मिक महत्वका साथै प्राकृतिक दृश्यले परिपूर्ण यस क्षेत्रको पर्यटन विकासका लागि पर्यटकहरूलाई यस क्षेत्रमा पुग्न र बस्न सजिलो तथा सुरक्षित बनाउन बडिमालिका मन्दिर परिसर र उक्त पर्यटकीय क्षेत्र जाने कठिन ठाउँहरूमा रेलिङ निर्माण, अति आवश्यक ठाउँमा पदमार्ग निर्माण, शौचालय निर्माण, बिश्राम स्थल र धर्मशाला निर्माण, खानेपानी तथा मन्दिरमा चढाइएको घण्टीहरूको व्यवस्थापन गर्न आवश्यक संरचना निर्माण गरिनेछ । यसै बर्षबाट बडी मालिका क्षेत्रमा नेपाली सेनाद्धारा मन्दिर लगायतका संरचना निर्माण गर्ने योजना रहेको हुदा यस कार्यक्रमको वजेट उक्त योजनाबाट सम्पन्न हुने संरचना बाहेकका संरचना निर्माणको लागत इस्टिमेट तयार गरी सञ्चालन तथा सम्पन्न गरिनेछ ।

यसका लागि सम्बन्धित स्थानीय तह, बडिमालिका मन्दिरका पुजारी र सरोकारवालाहरूसँग परामर्श गरी सञ्चालन गरिने कृयाकलापहरूको प्राथमिकीकरण र स्थान यकिन गरी यकिन भएको कृयाकलापहरुको कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाई कार्य सञ्चालन तथा सम्पन्न गर्नेछ ।

### ३.३ बेदकोट धार्मिक पर्यटकीय क्षेत्र परिसर भित्र रहेको ताल वरिपरि पदमार्ग निर्माण, खानेपानी जडान तथा शौचालय निर्माण, कञ्चनपुर

कञ्चनपुर जिल्ला, बेदकोट नगरपालिका वडा नं. ३ मा स्थित प्राकृतिक बेदकोट ताल र धार्मिक क्षेत्र सुदूरपश्चिम प्रदेशको महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा रहेकोछ ।

यस कार्यक्रमको लागि विनियोजित बजेटबाट बेदकोट तालको वरिपरि पदमार्ग निर्माण, शौचालय निर्माण तथा खानेपानी जडान लगायतका पूर्वाधारहरू निर्माण गरिनेछ । यसका लागि वेदकोट क्षेत्र संरक्षण तथा व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सञ्चालन गरिने कृयाकलापहरूको प्राथमिकीकरण र स्थान यकिन गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाई कार्य सञ्चालन तथा सम्पन्न गर्नेछ ।

### ३.४ जगतपुर थारू संग्रहालय निर्माण, कैलाली

थारू समुदायको कला, संस्कृति, रहनसहन संरक्षण, प्रवर्द्धन र प्रदर्शन गरी पर्यटन विकासमा टेवा पुर्‍याउनु यस कार्यक्रमको उद्देश्य रहेकोछ । यो संग्रहालय जानकी गाउँपालिका वडा नं. ६ अन्तर्गतको स्थानीय तहले यकिन गरी पठाएको स्थानमा निर्माण गरिनेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

यसका लागि स्थानीय तह, सरोकारवालाहरू र कार्यान्वयन गर्ने निकायका कर्मचारीहरूले स्थलगत अवलोकन गरी निर्माण स्थल यकिन गरिनेछ । संग्रहालय निर्माण गर्दा थारू समुदायको संस्कृति, कला झल्किने किसिमले निर्माण गर्नुपर्ने भएकोले उपलब्ध भएसम्म स्थानीय निर्माण सामग्री र दक्ष कालिगढको प्रयोग गर्नुका साथै थारु अगुवाहरुको बढीमा ५ सदस्यीय अनुगमन समिति गठन गरी निर्माणका क्रममा नियमित अनुगमन गर्ने व्यवस्था मिलाइने छ । कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाई यस सम्बन्धी निर्माण कार्य सञ्चालन तथा सम्पन्न गर्नुपर्नेछ ।

### ३.५ त्रिपुरा सुन्दरी मन्दिर देखि कापडी गाउँ हुदै कैलपालमाण्डौ सम्म पर्यटकीय पदमार्ग निर्माण, बैतडी

सुदूरपश्चिम प्रदेशको प्रमुख पिठ तथा सात बहिनी भगवती मन्दिर मध्येको एक बैतडी जिल्लामा रहेको त्रिपुरा सुन्दरी भगवती मन्दिर एक प्रमुख धार्मिक पर्यटकीय क्षेत्रको रुपमा रहेकोछ । दशरथ चन्द नगरपालिका वडा नं. ८ स्थित त्रिपुरा सुन्दरी मन्दिर देखि कापडी गाउँ हुदै कैलपालमाण्डौसम्म धार्मिक पर्यटकीय पदमार्ग निर्माण गर्न धार्मिक क्षेत्र व्यवस्थापन समिति, स्थानीय तह र सरोकारवालाहरूको परामर्श लिई विनियोजित बजेटको अधिनमा रहि निर्माण गर्नुपर्ने पदमार्गको क्षेत्र र प्रयोग गरिने निर्माण सामग्री यकिन गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाई कार्य सञ्चालन तथा सम्पन्न गर्नुपर्नेछ ।

### ३.६ बाँकाबिर मार्ग निर्माण (राजकाँडा-चोसेकाँडा-पण्डोन-खैराला-सहजपुर)

कैलाली जिल्ला, मोहन्याल गाउँपालिका वडा नं. -७ स्थित राजकाँडा क्षेत्र सुदूरपश्चिम प्रदेशको पर्यटकीय पूर्वि प्रवेशद्वार कर्णाली चिसापानी पुल नजिक रहेको Hill Station हो । यस क्षेत्रमा निजी क्षेत्रबाट केवलकार सञ्चालन गर्ने तयारी भै रहेकोछ । राजकाँडा-चोसेकाँडा-पण्डोन, खैराला-सहजपुर बाँकाबिर मार्ग पर्यटकीय पदमार्गको रुपमा प्रदेश सरकारले परिकल्पना गरेको छ । यो पदमार्गको विकास गर्न सकिएमा नेपालको तराई र भारतको उत्तर प्रदेश, दिल्ली लगायतका पर्यटकहरू हिउदको चिसो र जेठ-बैशाख महिनाको गर्मि छल्न तथा उक्त क्षेत्रको मनोरम प्राकृतिक वातावरणको आनन्द लिन ठूलो संख्यामा आउने सम्भावना रहेकोछ । यसबाट स्थानीयस्तरमा होमस्टे सञ्चालन लगायतका व्यवसायको विकासका साथै स्थानीय वस्तु र सेवाको बजारीकरणमा ठूलो टेवा पुग्ने देखिन्छ ।

यस पदमार्गको निर्माण गर्नुपर्ने क्षेत्र बाँका-धुलिकोट दरवार-मालिका मन्दिर-सुगरखाल-चोसेकाँडा ताल-गर्वा दरवार-कम्पासेधुरा-सहजपुर समेत समेटिने गरी GPS Points सहितको रुट यकिन गरी सम्भावना तथा अवसर तथा निर्माण गर्नुपर्ने पूर्वाधार सहितको प्रतिवेदन पेश गर्न कार्यान्वयन गर्ने निकायका कर्मचारी, स्थानीय तह र सरोकारवालाहरू सहित बढीमा ५ जनाको टोली गठन गरी उक्त क्षेत्रमा खटाईने छ । उक्त टोलीबाट प्रतिवेदन पेश भए पश्चात स्वीकृत बजेटको अधिनमा रहि निर्माण गरिने संरचनाको यकिन गरी कार्यान्वयन गर्ने निकायले



प्रमोद भट्टराई
प्रदेश सचिव

कार्य सञ्चालन तथा सम्पन्न गर्नेछ । पदमार्ग र आवश्यक संरचना निर्माण गर्दा उपलब्ध भएसम्म स्थानीय क्षेत्रमा उपलब्ध हुने ढुङ्गा, काठ आदि बस्तुलाई निर्माण सामग्रीको रुपमा प्रयोग गर्नुपर्नेछ ।

### ३.७ संघ सरकारसँग समन्वय तथा सहकार्य गरी अछाम जिल्लाको मंगलसेन दरवारको पुनर्निर्माण तथा व्यवस्थापन

अछाम जिल्लाको सदरमुकाम मंगलसेनमा रहेको ऐतिहाँसिक मंगलसेन दरवारको पुनर्निर्माण तथा व्यवस्थापनको कार्य संघ सरकारबाट भै रहेकोले यस शीर्षकमा विनियोजित बजेट संघ सरकारसँग समन्वय गरी उक्त दरवार क्षेत्रको डिपीआर बमोजिम विनियोजित बजेटले सम्पन्न हुन सक्ने कार्यमा खर्च गरिनेछ । यसका लागि कार्यान्वयन गर्ने निकायले मंगलसेन दरवार संरक्षण तथा व्यवस्थापन समिति र स्थानीय तहसँग छलफल गरी सञ्चालन गरिने कृयाकलापहरु यकिन गरी प्रचलित कानून बमोजिमको प्रकृया अपनाई कार्य सञ्चालन तथा सम्पन्न गर्नुपर्नेछ ।

### ३.८ ऐतिहाँसिक तलकोट दरवार पुनर्निर्माण

बझाङ जिल्ला, तलकोट गाउँपालिका वडा नं. -५ मा रहेको ऐतिहाँसिक तलकोट दरवार संरक्षण र व्यवस्थापनको अभावमा जिर्ण हुदै गएकोछ । यस्ता ऐतिहाँसिक धरोहरहरूको संरक्षण गरी पर्यटक र अध्ययनकर्ताहरूको लागि अध्ययन र आकर्षणको केन्द्रको रुपमा विकास गर्नु आवश्यक देखिन्छ ।

यसका लागि सम्बन्धित स्थानीय तह, सरोकारवालाहरू र कार्यक्रम कार्यान्वयन गर्ने निकायका कर्मचारीहरूले स्थलगत अवलोकन गरी सञ्चालन गरिने कृयाकलापहरूको यकिन तथा प्राथमिकीकरण गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको कार्यविधि अपनाई कार्य सञ्चालन तथा सम्पन्न गर्नुपर्नेछ ।

### ३.९ अजयमेरुकोट ऐतिहाँसिक पर्यटकीय स्थलको संरक्षण तथा व्यवस्थापन, डडेल्धुरा

डडेल्धुरा जिल्ला, अजयमेरु गाउँपालिका वडा नं. -३ मा रहेको ऐतिहाँसिक अजयमेरु कोट संरक्षणको अभावमा जिर्ण हुदै गएकोछ । निर्मित संरचना र कोट परिसरमा घाँस, झाडी तथा रुख विरुवाहरू उम्री संरचनालाई क्षती पुऱ्याई रहेको अवस्था छ, भने उक्त क्षेत्रमा रहेका ऐतिहाँसिक संरचना तथा पुरातात्विक वस्तुहरू संरक्षणको अभावमा मासिने अवस्थामा पुगेका छन् ।

यसको संरक्षणका लागि कोट परिसरमा आएको अनावश्यक घाँस, झाडी तथा विरुवाहरू हटाउने, घेर पर्खाल निर्माण तथा मर्मत गर्ने, बाटो निर्माण तथा मर्मत गर्ने समेतका कार्य गरिनेछ । यी कार्य गर्दा निर्मित संरचनाको पुरातात्विक अवस्थामा कुनै असर नपर्ने गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाई कार्य सञ्चालन तथा सम्पन्न गर्नुपर्नेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

## ३.१० शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज भित्र चरा अवलोकन पदमार्ग निर्माण

यस प्रदेशको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र यस क्षेत्रको जैविक विविधता संरक्षण तथा प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्नु यस कार्यक्रमको उद्देश्य रहेकोछ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा आउने पर्यटकहरूलाई रैथाने तथा आप्रवासी चरा प्रजातिहरूको नियमित विचरणमा असर नपर्ने गरी चरा अवलोकन कार्यलाई सहज वनाउन पदमार्गको निर्माण तथा स्तरोन्नति गर्ने कार्य गरिनेछ । यसका लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयसँग समन्वय गरी चरा अवलोकन पदमार्ग निर्माण गरिने स्थान र पथ यकिन गरिनेछ । यस शीर्षकको बजेटबाट पदमार्ग निर्माण हुने क्षेत्र यकिन भए पश्चात कार्य सञ्चालनका लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाई कार्य सञ्चालन तथा सम्पन्न गर्नेछ ।

## ३.११ गर्वा दरवार पर्यटन प्रवर्द्धन कार्यक्रम

राणाकालिन ऐतिहाँसिक गर्वा दरवार कैलाली जिल्लाको चुरे गाउँपालिका वडा नं. -४ मा रहेकोछ । यो दरवार हाल जिर्ण भै भत्किने अवस्थामा रहेकोछ । यस दरवार क्षेत्रको संरक्षण एवं प्रवर्द्धनका लागि सम्बन्धित स्थानीय तह, सरोकारवालाहरू र कार्यान्वयन गर्ने निकायका कर्मचारीहरूले स्थलगत अवलोकन गरी सञ्चालन गरिने कृयाकलापहरूको यकिन तथा प्राथमिकीकरण गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाई कार्य सञ्चालन तथा सम्पन्न गर्नुपर्नेछ ।

## ३.१२ सुदूरपश्चिम प्रदेशको पर्यटन प्रवर्द्धनका लागि बाह्रसिंगाको मूर्ति स्थापना

बाह्रसिंगा मूर्ति निर्माण गरी धनगढी विमानस्थल प्रशासनसँगको समन्वयमा विमान स्थल परिसरमा मूर्ति स्थापना गरिनेछ । धनगढी विमानस्थलमा मूर्ति स्थापना गर्न सम्भव नभएमा अन्य उपर्युक्त स्थानमा मूर्ति स्थापना गर्न सकिनेछ । मूर्ति निर्माण गर्ने क्रममा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयसंग समेत समन्वय गरिनेछ । मूर्ति निर्माण र स्थापना सम्बन्धी कार्यको लागि कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा सम्पन्न गर्नुपर्नेछ ।

## ३.१३ शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज भित्र वन्यजन्तुको आखेटोपहार संग्रहालय निर्माण

संग्रहालय निर्माणका लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयसँग समन्वय गरी संग्रहालय स्थापना गर्ने स्थान र संग्रहालयको किसीम यकिन गरिनेछ । यस संग्रहालयमा पर्यटकहरूलाई अवलोकन गर्न मिल्ने गरी वन्यजन्तुहरूको उपलब्ध मृत शरीर वा आखेटोपहार संग्रह गरी राखिनेछ । संग्रहालय निर्माण सम्बन्धी कार्य शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयसँग समन्वय तथा सहकार्य गरी सम्पन्न गरिनेछ । त्यसरी कार्य सञ्चालन गर्न नसकिने अवस्था भएमा कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा सम्पन्न गर्न सक्नेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

### ३.१४ भागेश्वर-घँटेश्वर महाभारत श्रनावाली धार्मिक पर्यापर्यटन पदमार्ग

सुदूरपश्चिम प्रदेशको धार्मिक पर्यटकीय क्षेत्रहरु मध्येको डडेल्धुरा जिल्ला अन्तर्गत महाभारत पर्वतमा अवस्थित भागेश्वर र घँटेश्वर मन्दिर प्रमुख धार्मिक पर्यटकीय क्षेत्रको रुपमा रहेकोछन् । भागेश्वर गाउँपालिका स्थित भागेश्वर मन्दिर र गन्यापधुरा गाउँपालिका स्थित घँटेश्वर धार्मिक क्षेत्र जोड्ने गरी भागेश्वर-घँटेश्वर महाभारत श्रनावाली धार्मिक पदमार्ग निर्माण गरी यस क्षेत्रको धार्मिक पर्यटनको विकास गर्ने यस कार्यक्रमको उद्देश्य रहेकोछ । यो पद मार्ग निर्माण गर्न सम्बन्धित धार्मिक क्षेत्र व्यवस्थापन समिति, स्थानीय तह र सरोकारवालाहरूको परामर्श लिई विनियोजित बजेटको अधिनमा रहि निर्माण गर्नुपर्ने पदमार्गको क्षेत्र, रुट र प्रयोग गरिने निर्माण सामग्री यकिन गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाई कार्य सञ्चालन तथा सम्पन्न गर्नुपर्नेछ ।

## ४. धार्मिक पर्यटकीय पूर्वाधार निर्माण

यस कार्यक्रम अन्तर्गत प्रदेश अन्तर्गत रहेका धार्मिक पर्यटकीय क्षेत्र परिसर तथा धार्मिक पर्यटकीय क्षेत्रसम्म पर्यटकहरूको आगमन सुरक्षित र सुनिश्चित गर्न आवश्यक पर्ने पूर्वाधारहरूको निर्माण, मर्मत तथा संरक्षणका कार्यहरू सञ्चालन गरी धार्मिक पर्यटकीय क्षेत्रको विकास तथा पर्यटन प्रवर्द्धन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेकोछ । धार्मिक पर्यटकीय पूर्वाधार विकास निर्माणका योजनाहरू कार्यान्वयन गर्दा दफा ३ को खण्ड (क) देखि (ण) सम्म उल्लेखित प्रावधानहरुको पालना गर्नुपर्नेछ । यस अन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

### ४.१ बेहडाबाबा मन्दिर निर्माण

कैलाली जिल्ला, धनगढी उप-महानगरपालिका वडा नं. -१६ मा अवस्थित बेहडाबाबा धाम सुदूरपश्चिम प्रदेशको महत्वपूर्ण धार्मिक पर्यटकीय क्षेत्रको रुपमा रहेकोछ । यस क्षेत्रमा धार्मिक पर्यटकीय पूर्वाधार निर्माण गरी पर्यटन प्रवर्द्धन गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेकोछ ।

यस कार्यक्रम अन्तर्गत बेहडाबाबा मन्दिर परिसर भित्र बेहडाबाबा धार्मिक क्षेत्र व्यवस्थापन समिति समेतका सरोकारवालाहरूसँग छलफल गरी बेहडाबाबा धार्मिक क्षेत्रको स्वीकृत विस्तृत योजना प्रतिवेदन (DPR) मा उल्लेख भए अनुसारको स्थान र शैलिमा तोकिएका मन्दिर लगायतका पूर्वाधार निर्माण कार्य समपन्न गर्न यस शिर्षकको वजेट खर्च गर्न सकिनेछ । यस सम्बन्धी कार्यको सञ्चालन तथा कार्य सम्पादन कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम गर्नेछ ।

### ४.२ मालिकार्जुन धाम पूर्वाधार निर्माण

दार्चुला जिल्ला, मालिकार्जुन -३ स्थित मालिकार्जुनधाम सुदूरपश्चिम प्रदेशमा रहेका शिवधाम मध्येको एक प्रमुख धार्मिक पर्यटकीय क्षेत्र हो । यस क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धन गर्नका लागि उक्त क्षेत्रमा भक्तजनहरूको



प्रमोद भट्टराई
प्रदेश सचिव

विश्रामका लागि आवश्यक पर्ने पूर्वाधार र संरक्षण सम्बन्धी पूर्वाधार निर्माण गरिनेछ । यसका लागि मालिकार्जुन धार्मिक क्षेत्र व्यवस्थापन समिति र स्थानीय तहसँग कार्यान्वयन गर्ने निकायका प्राविधिकहरूले परामर्श गरी धार्मिक परिसर भित्र निर्माण गरिने संरचना र स्थान यकिन गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा कार्य सम्पादन गर्नेछ ।

### ४.३ गोदावरी धाममा पर्यटकीय पूर्वाधार निर्माण तथा प्रवर्द्धन कार्यक्रम

सुदूरपश्चिम प्रदेशको प्रमुख धार्मिक पर्यटकीय गन्तव्यको रुपमा रहेको गोदावरी धामको पर्यटन पूर्वाधार विकास गर्नु यस कार्यक्रमको उद्देश्य रहेकोछ ।

उक्त धाममा विगतमा प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाईको तर्फबाट रामजानकी मन्दिरको छतसम्मको भाग निर्माण कार्य सम्पन्न भइ मन्दिर संरचना निर्माणको बाँकी कार्य अधुरो रहेकोछ । यस शीर्षकमा विनियोजित रकमबाट DPR बमोजिमको अधुरो रहेको संरचना सम्पन्न गर्नका लागि अपुग रकम गोदावरीधाम व्यवस्थापन समितिसँगको लागत साझेदारीमा कार्य सञ्चालन गरिनेछ । योजनालाई प्रभावकारी र पूर्ण रुपमा सम्पन्न गर्न सम्बन्धित स्थानीय तह र अन्य साझेदार निकायसँग पनि समन्वय र साझेदारी गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा सम्पन्न गर्न सक्नेछ ।

### ४.४ त्रिपुरा सुन्दरी रणसैनी मन्दिर धार्मिक पर्यटकीय क्षेत्र परिसर भित्र विश्राम गृह, भगवती मूल थान निर्माण, मौनी गाउँ तथा मन्दिर परिसर भित्र रहेका संरचनाहरूको संरक्षण सम्वर्द्धन एवं सम्भार

बैतडी जिल्ला, दशरथचन्द नगरपालिका वडा नं. -८ स्थित त्रिपुरा सुन्दरी रणसैनी मन्दिर धार्मिक पर्यटकीय क्षेत्रको पूर्वाधार विकास गरी पर्यटन प्रवर्द्धन गर्नु यस कार्यक्रमको उद्देश्य रहेकोछ ।

यस कार्यक्रम अन्तर्गत त्रिपुरा सुन्दरी भगवती मन्दिर परिसर भित्र विश्राम गृह निर्माण, मौनी गाउँ भगवती मूल थान निर्माण, मन्दिर परिसर भित्र रहेका अन्य संरचनाहरूको संरक्षण एवं मर्मत सम्भारका कार्यहरू सम्पन्न गरिनेछ । यसका लागि धार्मिक क्षेत्र व्यवस्थापन समिति, स्थानीय वडा प्रतिनिधि र सरोकारवालाहरूसँग छलफल गरी निर्माण स्थल यकिन भएपछी मन्दिर क्षेत्रको मौलिकता र बर्तमान प्राकृतिक अबस्था कायम रहने कुराको सुनिश्चितता गरी सोको लागत इष्टिमेट र ड्रइङ्ग डिजाइन तयार गरी कार्यान्वयन गर्ने निकायबाट प्रचलित कानून बमोजिम योजना कार्यान्वयन गरिनेछ ।

### ४.५ ऐतिहाँसिक पर्यटकीय मष्टा मन्दिर पूर्वाधार विकास निर्माण, बझाङ

बझाङ जिल्ला, मष्टा गाउँपालिका वडा नं. -३, धनार स्थित प्राचिन मष्टा मन्दिर प्रमुख ऐतिहाँसिक धार्मिक पर्यटकीय क्षेत्रको रुपमा रहेकोछ । यस ऐतिहाँसिक, धार्मिक पर्यटकीय क्षेत्रको विकास गरी पर्यटन प्रवर्द्धन गर्नु यस कार्यक्रमको उद्देश्य रहेकोछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

यसका लागि मन्दिर व्यवस्थापन समिति, मन्दिरका पुजारी, सम्बन्धित वडा प्रतिनिधिसँग छलफल तथा उक्त धार्मिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन भए सो समेत अध्ययन गरी सञ्चालन गरिने कृयाकलाप र स्थान यकिन गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा कार्य सम्पादन गर्नेछ ।

**४.६ प्राचिन मष्टा संस्कृति प्रवर्द्धनका लागि आवश्यक पर्यटन पूर्वाधार निर्माण, बैतडी**

बैतडी जिल्ला, डिलासैनी -४ स्थित प्राचिन मष्टाधाम रहेकोछ । यस धामको प्राचिन मान्यताका आधारमा मष्टा संस्कृति संरक्षण र प्रवर्द्धन हुने गरी उक्त धाम संरक्षण तथा व्यवस्थापन समिति, स्थानीय तह र कार्यान्वयन गर्ने निकायका प्राविधिकहरूले स्थलगत अवलोकन गरी निर्माण गर्नुपर्ने संरचनाको यकिन गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा कार्य सम्पादन गर्नेछ ।

**४.७ बैजनाथ मन्दिर भौतिक संरचना, डिलासैनी बिद्युत भवन नजिक गौरा घर निर्माण र गल्लेकेदार बोदलाशैनी भगवती मन्दिर निर्माण, कञ्चनपुर**

यस अन्तर्गतका योजना सञ्चालनका लागि धार्मिक क्षेत्र व्यवस्थापन समिति, स्थानीय वडा प्रतिनिधि र सरोकारवालाहरूसँग छलफल तथा सम्बन्धित क्षेत्रको स्वीकृत विस्तृत परियोजना प्रतिवेदन भए सो समेत अध्ययन गरी सञ्चालन गरिने कृयाकलाप र स्थान यकिन गरिनेछ । यस कार्यक्रमका लागि विनियोजित कुल बजेटलाई आबश्यक पर्ने संरचना पूर्ण हुने गरी बजेट बिभाजन गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा कार्य सम्पादन गर्नेछ । यस अन्तर्गत निम्न धार्मिक संरचनाहरू निर्माण गरिनेछ ।

**(क) बैजनाथ मन्दिर भौतिक संरचना निर्माण, बेदकोट -३, भम्का, कञ्चनपुर**

कञ्चनपुर जिल्ला, बेदकोट नगरपालिका वडा नं. -३, भम्का स्थित बैजनाथ मन्दिरको पुरानो संरचना हटाई नयाँ बैजनाथ मन्दिरको भौतिक संरचना निर्माण गरिनेछ । यो योजना सञ्चालन तथा सम्पन्न गर्नको लागि स्थानीय वडासँग लागत साझेदारी सम्बन्धी समझौता गरी कार्य सञ्चालन गर्न सकिनेछ ।

**(ख) गौरा घर निर्माण, शुक्लाफाँटा -१२, कञ्चनपुर**

शुक्लाफाँटा नगरपालिका वडा नं. -१२ स्थित डिलासैनि बिद्युत भवन नजिक यस पूर्व गौरा मन्दिर निर्माण भएको स्थानमा प्राथमिकताका साथ ट्रस सहितको गौरा घर, शौचालय निर्माण तथा पानीको व्यवस्था लगायतका योजना सञ्चालन तथा सम्पन्न गर्न सकिनेछ ।

**(ग) गल्लेकेदार बोदलाशैनी भगवती मन्दिर निर्माण, शुक्लाफाँटा -१, कञ्चनपुर**

शुक्लाफाँटा नगरपालिका वडा नं. -१ स्थित यस पूर्व नगरपालिकाबाट गल्ले केदार बोदलाशैनि भगवती मन्दिरको जग निर्माण भइ अधुरो रहेकोले सोही जगमा आधारित भै मन्दिर निर्माण कार्य गरिनेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

### ४.८ चुनेपानी धार्मिक पर्यटकीय स्थलमा स्नानगृह तथा शौचालय निर्माण र भुमिराज मन्दिरको अधुरो सत्संग भवन निर्माण, कञ्चनपुर

यस कार्यक्रममा तोकिएका संरचनाहरू निर्माणका लागि विनियोजित बजेटलाई आवश्यकताको आधारमा धार्मिक क्षेत्र संरक्षण तथा व्यवस्थापन समिति, स्थानीय तह र कार्यान्वयन गर्ने निकायका प्राविधिकहरूले धार्मिक क्षेत्रको स्थलगत अवलोकन गरी निर्माण गर्नुपर्ने स्थान यकिन गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा कार्य सम्पादन गर्नुपर्नेछ ।

**(क) चुनेपानी धार्मिक पर्यटकीय स्थलमा पूर्वाधार निर्माण**

यस कार्यक्रम अन्तर्गत बेदकोट नगरपालिका वडा नं. -६ स्थित चुनेपानी धार्मिक पर्यटकीय क्षेत्र परिसर भित्र स्नानगृह र शौचालय निर्माण कार्य सम्पन्न गरिनेछ ।

**(ख) भुमिराज मन्दिरको अधुरो सत्संग भवन निर्माण**

बेदकोट नगरपालिका वडा नं. -३ स्थित विगतमा पर्यटन इकाईबाट निर्मित भुमिराज मन्दिर परिसरमा रहेको सत्संग भवनको छत ढलान सम्मको निर्माण कार्य सम्पन्न भै बाँकी काम अधुरो रहेको हुँदा यस कार्यक्रमबाट सत्संग भवनको अधुरो काम समपन्न गर्ने, माथिल्लो तलामा कोठा थप्ने, गेट देखि सत्संग भवनसम्म सिमेण्ट टायल प्रयोग गरी बाटो निर्माण समेतका कार्यहरु कार्यान्वयन गर्ने निकायले प्रचलित कानून अनुसार सञ्चालन तथा सम्पन्न गर्न सक्नेछ ।

### ४.९ बैजनाथ मन्दिर सिमलफाँटा र शिद्ध बैजनाथ परिसर भित्र भौतिक संरचना निर्माण, कञ्चनपुर

यस कार्यक्रम अन्तर्गत भौतिक संरचनाहरू निर्माणका लागि विनियोजित बजेटलाई आवश्यकताको आधारमा धार्मिक क्षेत्र संरक्षण तथा व्यवस्थापन समिति, स्थानीय तह र कार्यान्वयन गर्ने निकायका प्राविधिकहरूले धार्मिक क्षेत्रको स्थलगत अवलोकन गरी निर्माण गर्नुपर्ने स्थान र संरचनाको यकिन गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

**(क) बैजनाथ मन्दिर सिमलफाँटा परिसर भित्र भौतिक संरचना निर्माण**

कञ्चनपुर जिल्ला, शुक्लाफाँटा -७, सिमलफाँटा स्थित बैजनाथ मन्दिर परिसरमा बजेटको अधिनमा रहि प्राथमिकताका साथ तारजाली लगाउने कार्य, परिसर भित्र विवाह मण्डप निर्माण, पानी टंकी निर्माण र ट्रस भवन निर्माण समेतका कार्य सम्पन्न गर्न सकिनेछ ।

**(ख) शिद्ध बैजनाथ मन्दिर परिसर भित्र भौतिक संरचना निर्माण**

कञ्चनपुर जिल्ला, शुक्लाफाँटा -४ स्थित सिद्ध बैजनाथ मन्दिर क्षेत्रको वरिपरि घेरपर्खाल/गेट निर्माण कार्य सम्पन्न गरिनेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

**४.१० धार्मिक पर्यटकीय स्थल बिष्णु साकेतधाम परिसर भित्र गुरुयोजना अनुसार संरचना निर्माण, कञ्चनपुर**

कञ्चनपुर जिल्ला, भिमदत्त नगरपालिका वडा नं. -३ स्थित बिष्णु साकेतधाममा साक्षात बिष्णु भगवान उत्पत्ति भएको मान्यता रहेकोछ । यस धार्मिक क्षेत्रको गुरु योजना अध्ययन गरी यस कार्यक्रम अन्तर्गत मन्दिर परिसर भित्र रहेको प्रेम सरोवर लगायतका सरोवरहरुमा Stone Mashonary Wall लगाई संरक्षण सम्बन्धी संरचना र अन्य आवश्यक पूर्वाधार निर्माण गरिनेछ । यसका लागि कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

**४.११ आदिवासी थारू समुदायको मरुवा निर्माण, कैलाली**

धार्मिक परम्परा अनुसार थारू समुदायको विवाह मण्डप तथा पूजा स्थलको रुपमा मरुवा घर (देउथान) को प्रयोग गर्ने गरीन्छ । यसका लागि संरचना निर्माण गरिने स्थान तोकि पठाउन सम्बन्धित स्थानीय तहलाई पत्राचार गरी स्थानीय तहबाट निर्माण स्थल तोकिइ आए पछि स्थलगत अवलोकन गरी निर्माण स्थल यकिन गरिनेछ । यस कार्यक्रमका लागि विनियोजित कुल बजेटलाई निर्माण गरिने संरचनाको आवश्यकताका आधारमा संरचना पूर्ण हुने गरी बजेट बिभाजन गरी कार्यक्रम सञ्चालन गरिनेछ । यी योजनाहरुको कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा कार्य सम्पादन गर्नेछ । यस कार्य अन्तर्गत निर्माण हुने सँरचना परम्परागत शैलीमा आधारित हुने भएकोले लागत इष्टिमेट र ड्रइङ्ग डिजाइन गर्दा सरोकारवाला तथा जानकार व्यक्तिहरूको बैठक बोलाई मरुवा मन्दिर, भुइया र थुनुवा घरहरू मरुवा घर (देउथानहरु) को परम्परागत शैलि र डिजाइन सम्बन्धमा आवश्यक सुझाव लिईने छ । यसको लागत इष्टिमेट र ड्रइङ्ग डिजाइन आवश्यक देखिएमा परामर्श सेवा मार्फत उक्त कार्य सम्पन्न गर्न सकिनेछ ।

यस शीर्षकको रकमबाट कार्यक्रम सञ्चालनको क्रममा बस्ने बैठकमा सहभागीहरुको लागि बैठक भत्ता र खाजामा समेत खर्च गर्न सकिनेछ ।

यस कार्यक्रम शीर्षकमा छुटयाईएको बजेटबाट कैलाली जिल्ला अन्तर्गतका निम्न स्थानीय तह अन्तर्गत निर्माण स्थल यकिन भएका स्थानहरुमा मरुवा घरहरु निर्माण गरिनेछन् ।

**(क) आदिबासी थारू समुदायको मरुवा निर्माण, लम्की चुहा न.पा.**

**(ख) आदिबासी थारू समुदायको मरुवा निर्माण, जानकी गा.पा.**

**(ग) आदिबासी थारू समुदायको मरुवा निर्माण, बर्दगोरीया गा.पा.**

**४.१२ राना र चौधरी समुदायको भुइया र थुनुवा मन्दिरहरू निर्माण**

यस कार्यक्रममा विनियोजित बजेटबाट राना र चौधरी समुदायको पौराणीक धार्मिक परम्परा र संस्कृति संरक्षणका लागि विवाह मण्डप र पूजा स्थलको रुपमा प्रयोग गरिने भुइया र थुनुवा देउथानहरु (मन्दिर) निर्माण गरिनेछन् । यसबाट थारू समुदाय (राना र चौधरी) को पौराणीक धार्मिक परम्परा र संस्कृति संरक्षण हुने उद्देश्य



प्रमोद भट्टराई
प्रदेश सचिव

राखिएको छ । उक्त संरचना निर्माण गरिने स्थान यकिन गरी पठाउन सम्बन्धित स्थानीय तहलाई पत्राचार गरी स्थानीय तहबाट निर्माण स्थल तोकिइ आए पछि स्थलगत अवलोकन गरी मन्दिरहरु निर्माण गरिने स्थल यकिन गरिनेछ । भुइया र थुनुवा देउथान (मन्दिर) निर्माणका लागि बजेट बिभाजन गर्दा संरचना पूर्ण हुने गरी गर्नुपर्नेछ । यस अनुसार कार्य सञ्चालन गर्दा प्रचलित कानून बमोजिमको कार्यविधि अपनाइने छ ।

यस कार्यक्रम अन्तर्गत कञ्चनपुर जिल्ला निम्न २ वटा भुइया र थुनुवा देउथानहरु (मन्दिर) निर्माण गरिनेछन् ।

**(क) भुइया मन्दिर निर्माण, बेदकोट, कञ्चनपुर**

**(ख) थुनुवा मन्दिर निर्माण, शुक्लाफाँटा, कञ्चनपुर**

### ४.१३ अधुरो बौद्ध गुम्बा निर्माण, कैलाली

यस कार्यक्रमका लागि विनियोजित कुल बजेटलाई निर्माण गरिने संरचनाको शुरु लागत इष्टिमेट तथा डिजाइनका आधारमा योजनाले सकभर पूर्णता पाउने गरी बजेट बिभाजन गरी कार्यक्रम सञ्चालन गरिनेछ । कार्यान्वयन गर्ने निकायबाट यस कार्यको पुनः लागत इष्टिमेट र डिजाइन तयार गर्नुपर्ने भए सम्बन्धित क्षेत्र संरक्षण वा व्यवस्थापन समिति र वडा प्रतिनिधिसँग परामर्श गरी लागत इष्टिमेट र डिजाइन तयार तथा स्वीकृत भए पश्चात कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाई कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

यस कार्यक्रम शीर्षकमा छुट्याईएको बजेटबाट कैलाली जिल्ला अन्तर्गतको निम्न स्थानीय तहमा निर्माणाधिन अवस्थामा रहेका अधुरो बौद्ध गुम्बा निर्माण कार्य सम्पन्न गरिनेछ ।

**(क) अधुरो बौद्ध गुम्बा निर्माण, जानकी -२, कैलाली**

**(ख) अधुरो बौद्ध गुम्बा निर्माण, लम्की चुहा -४, कैलाली**

### ४.१४ गाढा भौनेली (भुमिराज) प्राचिन मन्दिर धर्मशाला तथा घेरपर्खाल निर्माण, बैतडी

यस कार्यक्रम शीर्षकमा छुट्याइएको बजेटबाट बैतडी जिल्ला, पुचौंडी -६ स्थित गाढा भौनेली (भुमिराज) को प्राचिन मन्दिर रहेको धार्मिक क्षेत्र परिसर भित्र धर्मशाला र धार्मिक क्षेत्रको घेर पर्खाल निर्माण गरिनेछ । संरचनाहरू निर्माण गर्दा सकभर स्थानीय क्षेत्रमा उपलब्ध ढुङ्गा, काठ लगायतका सामग्रीहरूको प्रयोग गरिनेछ । निर्माण गरिने स्थान यकिन गर्नका लागि धार्मिक क्षेत्रसँग सम्बन्धित संस्था र स्थानीय वडाका प्रतिनिधिहरूसँग परामर्श गरिनेछ । यस योजनाको कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको कार्यविधि अपनाइ कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

### ४.१५ प्राचिन दुर्गामाण्डौ धाम पर्यटकीय क्षेत्र पूर्वाधार निर्माण, बैतडी

यस कार्यक्रम शीर्षकमा छुट्याइएको बजेटबाट बैतडी जिल्लाको पुचौंडी -६, कफलढुङ्गा स्थित प्राचिन दुर्गामाण्डौ धाम मन्दिर धार्मिक क्षेत्र परिसरमा धार्मिक पर्यटकीय पूर्वाधारहरू निर्माण गरिनेछ । यसका लागि सम्बन्धित



प्रमोद भट्टराई
प्रदेश सचिव

क्षेत्र व्यवस्थापन समिति वा संस्था, वडा प्रतिनिधि र कार्यान्वयन गर्ने निकायका कर्मचारीहरूले स्थलगत अवलोकन गरी निर्माण गरिने संरचना र स्थान यकिन गर्नुपर्नेछ । संरचनाहरू निर्माण गर्दा सकभर स्थानीय क्षेत्रमा उपलब्ध ढुङ्गा, काठ लगायतका सामग्रीहरूको प्रयोग गरिनेछ । यस योजनाको कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाई कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

### ४.१६ मेलौली भगवती पर्यटन प्रवर्द्धन कार्यक्रम, बैतडी

यस कार्यक्रम शीर्षकमा छुट्याइएको बजेटबाट बैतडी जिल्ला, स्थित प्रशिद्ध मेलौली भगवती मन्दिर परिसर भित्र धार्मिक पर्यटकीय पूर्वाधारहरू निर्माण गरिनेछ । यसका लागि सम्बन्धित क्षेत्र व्यवस्थापन समिति वा संस्था, वडा प्रतिनिधि र कार्यान्वयन गर्ने निकायका कर्मचारीहरूले स्थलगत अवलोकन गरी निर्माण गरिने संरचना र स्थान यकिन गर्नुपर्नेछ । संरचनाहरू निर्माण गर्दा सकभर स्थानीयस्तरमा उपलब्ध ढुङ्गा, काठ लगायतका सामग्रीहरूको प्रयोगमा प्राथमिकता दिइने छ । यस योजनाको कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाइ कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

### ४.१७ कैलाशधाम धार्मिक पर्यटकीय क्षेत्रमा रङरोगन तथा घेरबार निर्माण, कैलाली

यस कार्यक्रमको लागि विनियोजित बजेट कैलाली जिल्ला, लम्की चुहा नगरपालिका वडा नं. -३ स्थित निर्माणाधिन कैलाशधाम धार्मिक पर्यटकीय क्षेत्रमा निर्माण भएको मन्दिर संरचनाहरूको रङ रोगन गर्ने र मन्दिर परिसरमा घेर पर्खाल लगाउने कार्य गरिनेछ । यस कार्यको लागत इष्टिमेट र डिजाइन तयार गर्नु पूर्व कैलाशधाम धार्मिक क्षेत्र व्यवस्थापन समिति, सरोकारवाला र स्थानीय तहसँग समेत परामर्श गरिनेछ । यस कार्यक्रमको कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाइ कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

### ४.१८ भम्केनीधाम कञ्चनपुरमा नेपाल आमाको मूर्ति निर्माण

कञ्नपुर जिल्ला, भिमदत्त नगरपालिका वडा नं. -८ स्थित भम्केनीधाम परिसरमा नेपाल आमाको मूर्ति निर्माण भै रहेकोछ । यस शीर्षकमा विनियोजित बजेट रकम नेपाल आमाको मूर्ति निर्माण सम्बन्धि योजनाको DPR अध्ययन गरी विनियोजित बजेटबाट सम्पन्न हुन सक्ने कृयाकलाप सञ्चालन गर्न कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाइ कार्य सम्पादन गर्नेछ ।

### ४.१९ भम्केनीधाममा अधुरो पूर्वाधार निर्माण, कञ्चनपुर

कञ्नपुर जिल्ला, भिमदत्त नगरपालिका वडा नं. -८ स्थित भम्केनीधाम परिसरमा विगतमा पर्यटन इकाई तथा अन्य निकायबाट निर्मित अधुरो संरचनाहरू पुरा गर्ने कार्यहरू तथा निर्मित संरचनाको मर्मत, रङ रोगनका साथै निर्मित संरचनाका लागि आवश्यक पर्ने पूरक संरचना तथा संरचना संरक्षणका लागि आवश्यक पूर्वाधारहरू निर्माण गरिनेछ । यसका लागि सम्बन्धित क्षेत्र व्यवस्थापन समिति, वडा प्रतिनिधि र कार्यान्वयन गर्ने निकायका



प्रमोद भट्टराई
प्रदेश सचिव

कर्मचारीहरूले स्थलगत अवलोकन गरी निर्माण गरिने संरचना र स्थान यकिन गर्नुपर्नेछ । यस सम्बन्धी कृयाकलापहरु कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाइ कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

**४.२० धार्मिक क्षेत्रमा धर्मशाला निर्माण**

यस कार्यक्रम शीर्षकमा विनियोजित रकम तोकिएका धार्मिक स्थलहरूमा नयाँ धर्मशालाहरू निर्माण वा विगतमा निर्माण शुरु गरीएका अधुरो धर्मशाला निर्माण गर्नका लागि खर्च गरिनेछ । यसका लागि सम्बन्धित धार्मिक क्षेत्र व्यवस्थापन समिति, वडा प्रतिनिधि र कार्यान्वयन गर्ने निकायका कर्मचारीहरूले स्थलगत अवलोकन गरी संरचना निर्माण गरिने स्थान यकिन गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिमको प्रकृया अपनाइ कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

यस अन्तर्गत निम्न धार्मिक क्षेत्रहरूमा धर्मशालाहरू निर्माण गरिनेछ ।

**(क) शैलेश्वरी मन्दिरमा धर्मशाला निर्माण, दिपायल सिलगढी -६, डोटी**

**(ख) उग्रतारा मन्दिरमा धर्मशाला निर्माण, डडेल्धुरा**

**४.२१ घोडाघोडी धर्मशालाको अधुरो भवन मर्मत सम्भार, घोडाघोडी -१, कैलाली**

यस शीर्षकमा विनियोजित रकम घोडाघोडी धार्मिक क्षेत्रमा रहेको यस पूर्व निर्मित धर्मशाला भवनको अधुरो निर्माण कार्यको बाँकी कार्यहरु सम्पन्न गर्नका लागि खर्च गरिनेछ । यसका लागि सम्बन्धित धार्मिक क्षेत्र व्यवस्थापन समिति, मन्दिरका पुजारी र कार्यान्वयन गर्ने निकायका कर्मचारीहरूले निर्मित धर्मशालाको अवलोकन गरी यस पूर्व तयार गरीएको लागत इष्टिमेट तथा डिजाइन भए सोही अनुसार बाँकी कार्य सम्पन्न गरिनेछ । कार्यान्वयन गर्ने निकायले यस कार्यको लागत इष्टिमेट र डिजाइन पुनः तयार गर्नुपर्ने देखिएमा सो समेत गरी स्वीकृत भए पश्चात प्रचलित कानून बमोजिमको कार्यविधि अपनाइ कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

**५. प्राकृतिक ताल तथा सिमसार संरक्षण तथा व्यवस्थापन**

तराईका महत्वपूर्ण सिमसार, ताल र चुरे क्षेत्रमा रहेका प्राकृतिक ताल संरक्षणको अभावमा विनाश हुने अवस्थामा रहेका छन् । यी प्राकृतिक तालहरूको संरक्षण तथा व्यवस्थापन गरी जैविक विविधता संरक्षण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरीएको हो ।

**५.१ बैजनाथ ताल संरक्षण तथा व्यवस्थापन, कञ्चनपुर**

कञ्चनपुर जिल्ला, शुक्लाफाँटा न.पा. -२, ढकनिया स्थित बैजनाथ ताल एक महत्वपूर्ण प्राकृतिक ताल तथा सिमसारको रुपमा रहेकोछ । यस तालको संरक्षण तथा व्यवस्थापनका लागि तालको सरसफाई, विस्तार, माटोको डयाम बनाउने आदि कार्य गर्न सकिनेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

सुदूरपश्चिम प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
धनगढी, कैलाली, नेपाल

### ५.२ झिलमिला ताल पर्यटकीय क्षेत्र पूर्वाधार निर्माण

कञ्चनपुर जिल्ला, भिमदत्त नगरपालिका वडा नं. -८ स्थित धुरे क्षेत्रमा रहेको महत्वपूर्ण तालको रुपमा रहेको झिलमिला ताल एक महत्वपूर्ण पर्यटकीय क्षेत्रको रुपमा रहेकोछ । यसको संरक्षण तथा व्यवस्थापनका साथै पर्यटकीय पहुँच वृद्धि गर्न तालसम्म पुग्ने पदमार्ग निर्माण, ताल क्षेत्रमा बस्ने बेञ्च निर्माण, चौतारा निर्माण, आवास गृह, ट्रस निर्माण, शौचालय निर्माण कार्यहरू गरिनेछ ।

### ५.३ शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज भित्र रहेको रानीताल संरक्षण तथा व्यवस्थापन

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज भित्र रहेको रानी ताल चरा वासस्थानको हिसाबले महत्वपूर्ण रहेकोछ । यो ताल बिभिन्न खालका मिचाहा वनस्पति प्रजाति र थिग्र्यानको कारण पुरिदै र मासिदै गएको अवस्था रहेकोछ । यस तालको संरक्षण र व्यवस्थापनको लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयसँग समन्वय गरी ताल संरक्षण र व्यवस्थापनका लागि ताल सरसफाई, ताल विस्तार, माटोको ड्याम बनाउने लगायतका कार्यहरु गर्न सकिनेछ । रानीताल सरसफाई कार्य शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयसंग समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन एवं सम्पन्न गर्नुपर्नेछ ।

### ५.४ लामिताल संरक्षण तथा व्यवस्थापन, गोदावरी -२, कैलाली

कैलाली जिल्ला, गोदावरी नगरपालिका वडा नं. -२ स्थित लामिताल संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय तह, सरोकारवाला निकाय र कार्यान्वयन गर्ने निकायका कर्मचारीहरूबाट स्थलगत अवलोकन गरी सञ्चालन गरिने ताल विस्तार, थेग्रान हटाउने, माटोको ड्याम बनाउने, सौन्दर्य जनक प्रजातीको वृक्षारोपण लगायतका कृयाकलाप तथा स्थान यकिन गरिनेछ । सञ्चालन गर्ने कृयाकलाप र स्थान यकिन भै सके पछि कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

### ५.५ घोडाघोडी ताल संरक्षण तथा पर्यटन प्रवर्द्धन, घोडाघोडी -१, कैलाली

कैलाली जिल्लाको मध्यवर्ती क्षेत्रमा रहेको घोडाघोडी ताल संरक्षणका लागि स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेटबाट ताल क्षेत्रमा Crocodile Basking Area/Turtle Basking Deck/Bird Hide आदि संरचना निर्माण सम्बन्धी कार्यहरु प्रचलित कानून बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने निकायले सञ्चालन तथा सम्पादन गर्नेछ ।

## ६. पर्यटकीय पार्क निर्माण एवं व्यवस्थापन कार्यक्रम

पर्यटकीय क्षेत्र तथा पर्यटनको सम्भावना बोकेका सार्वजनिक क्षेत्र, धार्मिक वन, सामुदायिक वनमा हरित तथा मनोरञ्जनात्मक पार्कहरूको विकास निर्माण तथा विगतमा निर्माण गरीएका पार्कहरूको पुनर्निर्माण तथा व्यवस्थापन गरी पर्यटन प्रवर्द्धन तथा हरियाली वातावरण सिर्जना गर्नु यस कार्यक्रमको उद्देश्य रहेकोछ । पार्क निर्माण सम्बन्धी कार्यहरू सञ्चालन र सम्पन्न गर्नका लागि निम्न कार्यविधि अपनाइने छ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

(क) यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कृयाकलाप र निर्माण गरिने स्थान स्पष्ट नभएको अवस्थामा कार्यान्वय गर्ने निकायका प्राविधिक, स्थानीय तहका प्रतिनिधि, सो क्षेत्रको संरक्षण वा व्यवस्थापन समिति भए सोको प्रतिनिधि, सरोकारवाला समेतको संयुक्त टोलीले क्षेत्रगत अवलोकन गरी सञ्चालन गर्नुपर्ने कृयाकलापहरूको पहिचान तथा प्राथमिकीकरण गर्ने, पार्क निर्माण स्थलको केन्द्र बिन्दु यकिन गर्ने,
(ख) सञ्चालन गर्नुपर्ने क्रियाकलापहरूको लागत ईष्टिमेट र ड्रइङ डिजाइन कार्यान्वयन गर्ने निकायका प्राविधिकहरुले तयार गर्ने, यसका लागि कार्यान्वयन गर्ने निकायले आवश्यक भए परामर्श सेवा लिन सक्ने,
(ग) उक्त क्षेत्र विकास सम्बन्धी गुरु योजना तथा DPR तयार भएको भए सोही अनुसार कार्य सञ्चालन गर्ने,
(घ) कार्य सञ्चालन तथा सम्पादनका लागि कार्यक्रमको मुल उद्देश्य विपरीत नहुने गरी स्थानीय तह र सम्बन्धित संस्थासँग लागत साझेदारी गर्न सकिनेछ । यस अन्तर्गत निम्न पार्क निर्माण कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

## ६.१ नगर विकासको अतिक्रमण हटाईएको पुरानो बसपार्क क्षेत्रमा नक्षत्र बाटिका सहितको खुला पार्क निर्माण, कञ्चनपुर

कञ्चनपुर जिल्ला, भिमदत्त नगरपालिका वडा नं. -४ अन्तर्गत नगर विकासको अतिक्रमण हटाईएको पुरानो बसपार्क क्षेत्र भिमदत्त नगरपालिकाको बिच र राजमार्गसँग जोडिएर रहेको हुँदा उक्त क्षेत्रलाई नक्षत्र पार्कको रुपमा विकास गरिनेछ । स्थानीय तहसँग समन्वय गरी निर्माण स्थलको केन्द्र बिन्दु यकिन गरे पछि ज्योतिष शास्त्र र वास्तु शास्त्र अनुसार विनियोजित बजेटको अधिनमा रहि नक्षत्र उद्यान निर्माण सम्बन्धी कार्यको लागत इष्टिमेट र डिजाइन तयार गरिनेछ । यसका लागि विज्ञ ज्योतिष र वास्तुशास्त्रीहरुको परामर्श लिइने छ । यी उद्यानहरुको निर्माण र ज्योतिष शास्त्र अनुसारका विभिन्न प्रजातिका विरुवाहरू रोपण, संरक्षण तथा व्यवस्थापनका कार्यहरू प्रचलित कानून बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने निकायले सञ्चालन तथा सम्पन्न गर्नुपर्नेछ ।

## ६.२ हरित पार्क तथा बाल उद्यान (गत आ.व. को अधुरो) निर्माण, गोदावरी -१, कैलाली

कैलाली जिल्ला, गोदावरी नगरपालिका वडा नं. -१ स्थित गत वर्षको अधुरो हरित पार्क तथा वाल उद्यानको बाँकी कार्य सम्पन्न गरिनेछ । यसका लागि सम्बन्धित पार्क व्यवस्थापन समिति वा सामुदायिक वन उपभोक्ता समूह र कार्यान्वयन गर्ने निकायका कर्मचारी समेत भै स्थलगत अवलोकन गरी बाल उद्यानमा गर्नुपर्ने कार्यहरू यकिन गरी कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा सम्पन्न गर्नेछ ।

## ६.३ पार्क निर्माण योजना, गोदावरी -१, वनदेवि टोल, कैलाली

कैलाली जिल्ला, गोदावरी नगरपालिका वडा नं. -१ स्थित वनदेवि टोलमा बाल उद्यान एवं हरित पार्क निर्माण गरिनेछ । यसका लागि स्थानिय सरोकारबाला, स्थानीय वडा र सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधि भइ स्थलगत अवलोकन गरी पार्क निर्माण गरिने स्थल र सञ्चालन गरिने कृयाकलापहरू यकिन गरिनेछ । पार्क



प्रमोद भट्टराई
प्रदेश सचिव

निर्माण गरिने क्षेत्र र पार्कमा सञ्चालन गरिने कृयाकलापहरू पहिचान भै सकेपछि कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा सम्पन्न गर्नेछ ।

### ६.४ टिकापुर पार्क पर्यटन प्रवर्द्धन कार्यक्रम, कैलाली

कैलाली जिल्लाको टिकापुर नगरपालिका क्षेत्रमा रहेको टिकापुर पार्क सुदूरपश्चिम प्रदेशको मानव निर्मित प्रमुख पर्यटकीय पार्कको रुपमा रहेकोछ । यस कार्यक्रमबाट पार्कको थप विकास तथा व्यवस्थापनका लागि आवश्यक कार्यहरू सञ्चालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत सांस्कृतिक संग्रहालय, Chieldren Park, View Tower, शौचालय लगायतका पूर्वाधार निर्माणका साथै Street pole light, पिकनिक स्पट व्यवस्थापन र फोहोरमैला व्यवस्थापन लगायतका कार्य समेत गर्न सकिनेछ ।

टिकापुर पार्क क्षेत्र भित्र संग्रहालय निर्माणका लागि टिकापुर नगरपालिकाबाट DPR तयार भै सकेको हुँदा यस कार्यक्रम अन्तर्गत टिकापुर पार्क क्षेत्र भित्र टिकापुर नगरपालिकासँगको लागत साझेदारीमा DPR अनुसार कार्यान्वयन गर्ने निकाय र टिकापुर नगरपालिकाको प्राविधिकहरूबाट लागत इष्टिमेट तथा ड्रईङ डिजाइन तयार तथा स्वीकृत गरी लागत साझेदारी सम्बन्धी सम्झौता (MOU) गरी संग्रहालयको संरचना निर्माण गर्न सकिनेछ ।

### ६.५ मोहन्याल धार्मिक वन क्षेत्रमा पार्क निर्माण, गौरीगंगा -१, कैलाली

कैलाली जिल्लाको गौरीगंगा नगरपालिका वडा नं. -१ स्थित मोहन्याल धार्मिक वनक्षेत्रलाई मनोरम र हरियाली पार्कको रुपमा विकास गरी प्रमुख धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नु यस कार्यक्रमको उद्देश्य रहेकोछ । यो धार्मिक वन पूर्व-पश्चिम राजमार्ग र चौमाला बजार क्षेत्रसँग जोडिएको तथा गौरीगंगा नगरपालिका भवनको अगाडी रहेकोछ । यस धार्मिक वन क्षेत्र भित्रको खालि ठाउमा ज्योतिष शास्त्र अनुसार नक्षत्र पार्क निर्माण गरिनेछ । यसका लागि कार्यान्वयन गर्ने निकायका कर्मचारी, स्थानीय तहका प्रतिनिधि, धार्मिक क्षेत्र विकास समितिका प्रतिनिधि समेत भइ क्षेत्र अवलोकन गरी निर्माण गरिने नक्षत्र पार्कको क्षेत्र र केन्द्र बिन्दु यकिन गरिनेछ । यस पार्कको निर्माण गर्न विज्ञ ज्योतिष, वास्तुशास्त्रीको परामर्शमा नक्षत्र, राशी र ग्रह अनुसारका विरुवा रोपण, संरक्षण तथा व्यवस्थापनका कार्यहरूका साथै धार्मिक वनमा तारजाली लगाउने कार्य गरिनेछ । यस पार्कको ड्रइङ्ग, डिजाइन तथा लागत ईष्टिमेट तयार गर्नका लागि आवश्यक देखिएमा विज्ञ वा परामर्श सेवा लिन सकिनेछ । यस योजनाको कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

### ६.६ स्वर्गिय प्रेमसिंह धामी ब्यास बिशेष पर्यटन प्रवर्द्धन कार्यक्रम, दार्चुला

दार्चुला जिल्लाको ब्यास गाउँपालिका अन्तर्गत स्वर्गिय प्रेम सिंह धामीको सम्झना स्वरुप मनोरम र हरियाली पार्कको रुपमा विकास गरी ऐतिहाँसिक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। यस पार्कको लागि निर्माण स्थल यकिन गर्न सम्बन्धित स्थानीय तहसंग समन्वय गरी निर्माण स्थल यकिन गरिनेछ । यस पार्कलाई स्वर्गिय



प्रमोद भट्टराई
प्रदेश सचिव

प्रेम सिंह धामी गोल पार्क नामाकरण गरी पार्कको बिच भागमा स्वर्गीय प्रेम सिंह धामीको अर्धकदको शालिक राखे, पार्क भित्र बाटो निर्माण, सौन्दर्यमूलक प्रजातिका विरुवा रोपण, प्रबेश गेट निर्माण गरी पार्क वरीपरी रेलिङ लगाउने लगायतका कार्यहरु गर्न सकिनेछ । यस पूर्व निर्माण अधुरो रहेको पार्कको बाँकी कार्य निर्माण सम्पन्न गर्न समेत यस शिर्षकको वजेट खर्च गर्न सकिनेछ । यस योजनाको कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम योजनाको कार्यान्वयन गर्नेछ ।

## ७. प्राकृतिक झरना संरक्षण एवं व्यवस्थापन कार्यक्रम

प्राकृतिक झरनाको संरक्षण तथा व्यवस्थापन मार्फत यस क्षेत्रको पर्यटन विकास तथा प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि आकर्षक गन्तव्य निर्माण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेकोछ । सुदूरपश्चिम प्रदेशको चुरे क्षेत्र, मध्य पहाड र हिमाली जिल्लामा थुप्रै मनोरम प्राकृतिक झरनाहरू रहेका छन् । पहिचान र प्रचार प्रसार हुन नसक्नु, पहुँच मार्ग र व्यवस्थापनको अभावका कारण यी झरनाहरू ओझेलमा परेको देखिन्छ । प्राकृतिक झरना रहेको क्षेत्रहरूको प्रचार प्रसार र पर्यटकहरू सहज रुपमा पुग्न र आनन्द लिन सक्ने वातावरण सिर्जना गर्न संरक्षण र व्यवस्थापनका कार्यहरू गरिनेछ । यस कार्यको कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा सम्पादन गर्नेछ ।

यस कार्यक्रम अन्तर्गत निम्न प्राकृतिक झरनाहरूको संरक्षण तथा व्यवस्थापनका कार्यहरू सञ्चालन गरिनेछ ।

### ७.१ बतासे झरना संरक्षण तथा व्यवस्थापन, शुक्लाफाँटा -८, कञ्चनपुर

यस कार्यक्रम अन्तर्गत शुक्लाफाँटा नगरपालिका वडा नं. -८ मा रहेको बतासे झरना जाने बाटो निर्माण तथा झरना क्षेत्रको संरक्षण तथा व्यवस्थापनका कार्यहरू सम्पन्न गरिनेछन् । यसका लागि कार्यान्वयन गर्ने निकायले स्थानीय वडासँग समन्वय गरी कार्य सञ्चालन गर्नेछ ।

### ७.२ आम्पानीमा प्राकृतिक झरना निर्माण, कैलाली

मोहन्याल गाउँपालिका वडा नं. -७ स्थित बरगदा सामुदायिक वन भित्र भएर बग्ने खारेखोलाको आमपानी भन्ने स्थानमा यो प्राकृतिक झरना रहेको र यो क्षेत्र लम्की चुहा नगरपालिका राजमार्ग नजिक रहनुका साथै झरनासम्म सडक सुबिधा समेत रहेको हुदा आसपासका मानिसहरूको लागि आकर्षणको केन्द्रको रुपमा रहेकोछ ।

यस कार्यक्रममा विनियोजित बजेटबाट खोलामा बग्ने पानीलाई पर्खाल लगायतका संरचना निर्माण गरी अग्लो ठाउबाट पानी खसाल्ने तथा झरना मुनि पौडी खेल्न ताल निर्माण, सिढी निर्माण लगायतका कार्यका साथै झरना छेउमा रहेको पिकनिक पार्क र बाटोको स्तरोन्नति सम्बन्धी कार्यहरु गर्न सकिनेछ । यस योजनाको कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा सम्पन्न गर्नेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

## ८. संस्कृति संरक्षण एवं पर्यटन प्रवर्द्धन कार्यक्रम

### ८.१ होमस्टे प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम

स्थानीय समुदायको परम्परा र संस्कृतिमा आधारित रहि स्थानीयस्तरमा रोजगारी सिर्जना र आयआर्जन वृद्धिका लागि होमस्टे सञ्चालन तथा व्यवस्थापनका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यस कार्यक्रमका लागि बजेट विनियोजन गरीएको छ। यस शीर्षक अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम दर्ता, अध्यावधिक तथा नवीकरण भएको निजी वा सामुदायिक होमस्टे हुनु पर्नेछ । कार्यक्रम संचालन गर्नु पूर्व कार्यान्वयन गर्ने निकायको योजना अधिकृत, मन्त्रालयको पर्यटन शाखा हेर्ने कर्मचारी, प्रदेश होमस्टे महासंघको प्रतिनिधि, कार्यान्वयन गर्ने निकायको लेखा हेर्ने कर्मचारी समेत रहने गरी बढीमा ५ जनाको अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी होमस्टेमा तोकिएका कृयाकलापहरु मध्ये सम्बन्धित होमस्टेमा सञ्चालन गर्नुपर्ने कृयाकलापहरुको पहिचान तथा प्राथमिकीकरण गरी कार्यान्वयन गर्ने निकायको प्रमुख समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ । प्रतिवेदनमा उल्लेख तथा प्राथमिकीकरण भएका कार्यक्रमह कार्यान्वयन गर्ने निकायले सम्वन्धित होमस्टेसँग सम्झौता गरी कार्य सञ्चालन तथा सम्पन्न गर्नेछ ।

वार्षिक कार्यक्रममा स्पष्ट नाम र स्थान उल्लेख नभएको होमस्टेको हकमा प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि होमस्टे छनौट गर्न स्थानीय पत्रिकामा १५ दिनको सूचना प्रकाशन गरी मापदण्ड पुगेका एक वा एक भन्दा बढी होमस्टेहरू छनौट गर्न सकिनेछ । यसका लागि अनुगमन तथा मूल्याङ्कन समितिले सम्बन्धित होमस्टेको स्थलगत अनुगमन गर्न सक्नेछ । समितिले पेश भएका प्रस्तावहरूको मूल्याङ्कन गरी सिफारिस भइ आएका होमस्टे सञ्चालकहरूसँग कार्यान्वयन गर्ने निकायले सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यस कार्यक्रमबाट होमस्टेमा थप भौतिक संरचना निर्माण गर्नुपर्ने भएमा स्थानीय समुदायको कला संस्कृति र पहिचान झल्किने गरी भौतिक संरचना निर्माण गर्नुपर्नेछ । यस कार्यका लागि बढीमा २ किस्तामा सम्बन्धित होमस्टेको बैक खातामा रकम भुक्तानी गरिनेछ । बस्तु वा सेवा खरिद नगरी कार्यक्रम सञ्चालन गर्न नसकिने अवस्था बाहेक पेश्कि रकम उपलब्ध गराइने छैन ।

यस कार्यक्रम शीर्षकमा विनियोजित वजेटबाट कार्यक्रम सञ्चालनको क्रममा बस्ने बैठकमा सहभागीहरुको बैठक भत्ता र खाजामा समेत खर्च गर्न सकिनेछ ।

यस कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट छनौट भएका होमस्टेहरुले निम्न कृयाकलापहरू सञ्चालन गर्न सक्नेछन् ।

(क) होमस्टे सञ्चालन तथा व्यवस्थापन, परम्परागत कला, संस्कृति सम्बन्धी क्षमता अभिवृद्धि तालिम,

(ख) स्थानीय समुदायको परम्परागत पहिरन, वाद्य वादन यन्त्र, श्रृङ्गारका सामग्रीहरू आदि निर्माण तथा खरिद,



प्रमोद भट्टराई
प्रदेश सचिव

(ग) आन्तरिक कोठा सजावटका सामग्री र बाह्य सजावट सामग्री निर्माण तथा खरिद,

(घ) स्थानीय सामग्रीबाट निर्मित फर्निचरहरू निर्माण तथा खरिद,

(ङ) समुदायको परम्परागत कला, संस्कृति झल्किने कलात्मक वस्तुहरूको निर्माण तथा खरिद,

(च) पर्यटकीय स्थल, संस्कृति, पेशा, क्रियाकलापहरू आदि झल्किने फोटो फ्रेम निर्माण तथा खरिद,

(छ) होमस्टे घरहरूको बाहिर तथा भित्रि भित्ताहरूमा कलात्मक चित्र निर्माण,

(ज) शौचालय, भान्सा कोठा, बैठक कोठा निर्माण आदि,

(झ) होर्डिङ बोर्ड लगायतको प्रचार प्रसार सामाग्री तयारी, स्थापना, प्रचार प्रसार।

यस कार्यक्रममा आवद्ध होमस्टेहरूले सम्बन्धित होमस्टेको तर्फबाट बढीमा ४ जना सदस्यहरू रहने गरी देश भित्रका बिभिन्न क्षेत्रको एक हप्ता अवधिको होमस्टे अवलोकन भ्रमणमा पठाउन यस मध्येको बजेट रकम खर्च गर्न सक्नेछन् । तर, यसका लागि सुदूरपश्चिम प्रदेश होमस्टे महासँघको बैठक बसी अवलोकन भ्रमण सम्बन्धी कार्यक्रम निर्धारण गर्नुपर्नेछ । अवलोकन भ्रमण कार्यक्रमको संयोजकत्व प्रदेश होमस्टे महासंघले गर्नेछ ।

यस शीर्षक अन्तर्गत निम्न होमस्टे प्रवर्द्धन तथा व्यवस्थापन कार्यका लागि बजेट विनियोजन गरीएको छ ।

**(क) थारू होमस्टे प्रवर्द्धन कार्यक्रम, लम्कीचुहा, कैलाली,**

**(ख) जगतपुर थारू होमस्टे प्रवर्द्धन कार्यक्रम, जानकी गाउँपालिका -६ कैलाली,**

**(ग) मझगाउँ होमस्टे प्रवर्द्धन, गोदावरी -८ कैलाली,**

**(घ) होमस्टे प्रवर्द्धन, गौरीगंगा -१० कैलाली,**

**(ङ) झण्डाभोज चौधरी गाउँमा होमस्टे निर्माण, शुक्लाफाँटा -७, कञ्चनपुर,**

**(च) राना होमस्टे निर्माण तथा सञ्चालन, शुक्लाफाँटा -४, असैना, कञ्चनपुर,**

**(छ) जोलजिबी सामुदायिक पर्यटकीय होमस्टे निर्माण, मालिकार्जुन -७, दार्चुला**

### ८.२ सखिया नाच पर्यटन प्रवर्द्धन कार्यक्रम, कैलाली

यस कार्यक्रमको उद्देश्य थारू समुदायको परम्परा र संस्कृतिमा आधारित सखिया लगायतका नाचहरूको प्रवर्द्धन गर्ने रहेकोछ । सखिया लगायतका नाचहरू सञ्चालन गरी रहेका संस्था वा समूहलाई नाच प्रवर्द्धनका लागि आवश्यक पर्ने परम्परागत पहिरन, बाजा आदि सामग्री खरिद तथा नाच कार्यक्रम सञ्चालनका लागि यस शीर्षकको रकम उपलब्ध गराइने छ । यसका लागि कार्यान्वयन गर्ने निकायले स्थानीय पत्रिकामा १५ दिनको सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्नेछ । सूचनाको अवधि भित्र वा सो भन्दा अघि पेश भएका प्रस्तावहरू दफा ८.१ बमोजिम गठित समितिले मूल्याङ्कन गरी छनौट भएको एक वा एक भन्दा बढी संस्था वा समूहसँग सम्झौता गरी कार्य सञ्चालन गरिनेछ । कार्य सम्पन्न भए पछि सम्बन्धित संस्था वा समूहले पेश गरेका बिल



प्रमोद भट्टराई
प्रदेश सचिव

भर्पाई, निर्णयको आधारमा सम्बन्धित संस्था वा समूहको बैंक खाता वा बिल जारी गर्ने व्यक्ति वा फर्मको बैंक खातामा रकम भुक्तानी गर्नुपर्नेछ ।

### ८.३ थारू भाषा, कला, संस्कृति सम्वर्द्धन तथा प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रमको उद्देश्य थारू भाषा, कला र संस्कृतिको सम्वर्द्धन र प्रवर्द्धन गरी पर्यटन विकासमा टेवा पुऱ्याउनु रहेकोछ ।

यस कार्यक्रमको सञ्चालनका लागि संस्था वा समूह छनौट, सम्झौता तथा भुक्तानीका लागि दफा ८.१ र ८.२ बमोजिमको कार्यविधि अपनाइने छ । यस कार्यक्रम शीर्षकमा विनियोजित वजेटबाट कार्यक्रम सञ्चालनको क्रममा बस्ने बैठकमा सहभागीहरुको लागि बैठक भत्ता र खाजामा समेत खर्च गर्न सकिनेछ ।

यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ ।

(क) थारू भाषा, कला, संस्कृति सम्बन्धी क्षमता अभिवृद्धि तालिम,

(ख) स्थानीय समुदायको परम्परागत पहिरन, वाद्य वादन यन्त्र, श्रृङ्गारका सामग्रीहरू आदि निर्माण तथा खरिद,

(ग) समुदायको परम्परागत कला, संस्कृति झल्किने कलात्मक वस्तुहरूको निर्माण तथा खरिद,

(घ) पर्यटकीय स्थल, संस्कृति, पेशा, क्रियाकलापहरू आदि झल्किने फोटो फ्रेम निर्माण तथा खरिद आदि ।

## ९. क्षमता अभिवृद्धि तथा संस्थागत विकास कार्यक्रम

यस कार्यक्रम शीर्षक अन्तर्गत तालिम, भ्रमण कार्यक्रम सञ्चालनका लागि सहभागी छनौट गर्दा प्रदेशको भौगोलिक क्षेत्र, लिङ्ग र पेशागत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नुका साथै युवा वेरोजगारी समस्या समाधान हुने तर्फ बिशेष ख्याल गर्नुपर्नेछ । स्थान छनौट गर्दा सहभागीहरूको लागि पायक पर्ने र अवलोकन गर्दा सिकाइ हुने स्थान चयन गर्नुपर्नेछ । यस अन्तर्गतका कार्यक्रमहरू कार्यान्वयन गर्ने निकायका कर्मचारीलाई कायदिश दिई प्रस्तावना, सत्र योजना तथा लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने वा यस सम्बन्धी कार्य गर्ने सरकारी वा गैर सरकारी संस्थासँग सम्झौता गरी कार्य सञ्चालन तथा सम्पन्न गर्न सकिनेछ । यो कार्यक्रम सञ्चालन गर्न प्रचलित तालिम नर्मस् पालना गर्नुपर्नेछ । कार्यक्रम सञ्चालनको जिम्मा पाउने कर्मचारी र संस्थालाई आवश्यकता पुष्याईको आधारमा पेश्कि रकम उपलव्ध गराउन सकिनेछ । कार्यक्रम सम्बन्धी पेश्कि र अन्तिम भुक्तानी सम्बन्धितको बैक खाता मार्फत गरिनेछ । यस अन्तर्गत सहभागीहरुको क्षमता अभिवृद्धि हुने खालका निम्न तालिम, अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

### ९.१ नेचर गाईड तालिम तथा अवलोकन भ्रमण

यस कार्यक्रमको मुख्य उद्देश्य स्थानीय वेरोजगार युवाहरूलाई नेचर गाईड सम्बन्धी तालिम सँग संगै पर्यटकीय क्षेत्रहरूको अवलोकन भ्रमण गराई सहभागीको क्षमता अभिवृद्धी तथा स्वरोजगार बनाउनु रहेकोछ । नेचर गाईड सम्बन्धी विभिन्न आयाम तथा विषयबस्तुहरू समेटी सम्बन्धित विषय विज्ञबाट तालिम प्रदान गरिनेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

### ९.२ होटेल व्यवसायीहरू तथा सरोकारवालाहरूलाई आतिथ्यता सम्बन्धी तालिम

यस कार्यक्रमको मुख्य उद्देश्य पर्यटकीय वा अन्य होटेलमा कार्यरत कर्मचारी तथा वेरोजगार युवा जनशक्तिलाई तालिम प्रदान गरी क्षमता विकास तथा स्वरोजगार बनाउनु हो । आवश्यकता अनुसार जिल्ला स्थित होटल व्यवसायी संघ तथा अन्य सरोकारवालाहरु संग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ । होटेल आतिथ्यता तथा व्यवस्थापन सम्बन्धी विभिन्न आयामहरू सम्बन्धी विषयबस्तुहरू समेटी सम्बन्धित विषय विज्ञबाट तालिम प्रदान गरिनेछ । यो तालिम तराई र पहाडी जिल्लाको सहभागिता हुने गरी उपर्युक्त स्थान छनौट गरी २ इभेन्टमा सञ्चालन गरिनेछ । यो कार्यक्रम सञ्चालनका लागि यस प्रदेशमा रहेका होटेल व्यवसायी संघ, संस्थाहरुलाई प्रस्ताव पेश गर्न स्थानीय पत्रिकामा १५ दिने सूचना प्रकाशन गरिनेछ । म्याद भित्र पेश तथा छनौट भएका होटेल व्यवसायी संघ, संस्थासंग आर्थिक सहकार्य गरी यो कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रम सञ्चालनका लागि आर्थिक सहकार्य गर्ने संघ, संस्थाले कुल लागत इष्टिमेट रकमको कम्तिमा १० प्रतिशत रकम ब्यहोर्नु पर्नेछ ।

यस कार्यक्रम शीर्षकमा विनियोजित वजेटबाट कार्यक्रम सञ्चालनको क्रममा बस्ने निर्णयाक बैठकमा सहभागीहरुको बैठक भत्ता, खाना र खाजामा समेत खर्च गर्न सकिनेछ ।

## १०. पर्यटन प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रमको उद्देश्य प्रदेश भित्र रहेका पर्यटकीय गन्तव्यहरूको पहिचान, विविधिकरण, संरक्षण, सहजिकरण तथा प्रचार प्रसार गरी पर्यटकीय क्षेत्र, बस्तु र सेवाको प्रवर्द्धन गर्नु रहेकोछ ।

### १०.१ सैपाल हिमालको रुट रेखी पहिचान तथा प्रवर्द्धन कार्यक्रम, बझाङ

यस कार्यक्रमका लागि विनियोजित बजेटबाट हिमाल रेखी कार्य सम्पन्न गर्न अपुग हुने देखिएकोले यस कार्यक्रममा विनियोजित बजेटबाट सैपाल हिमाल आरोहण गर्ने पर्वतारोही तथा सैपाल हिमाल बेस क्याम्पसम्म ट्रेकिङ गर्ने पर्यटकका लागि छोटो र सहज तथा वैकल्पिक बाटोका साथै सुरक्षित Camping site पहिचान गर्ने कार्य गरिनेछ । यस कार्यक्रमको सञ्चालन गर्दा तोकिएको मापदण्ड पुगेको तथा मौजुदा सूचीमा सूचिकृत संस्थालाई प्रस्ताव पेश गर्न स्थानीय पत्रिकामा १५ दिने सूचना प्रकाशन गरी पेश भएका प्रस्तावहरू दफा ८.१ बमोजिमको मूल्याङ्कन समितिले मूल्याङ्कन तथा छनौट गर्नेछ । प्रस्ताव मूल्याङ्कनका लागि कार्यान्वयन गर्ने निकायले प्रस्ताव छनौटको लागि मापदण्ड तोक्न सक्नेछ । यस कार्यक्रमका लागि छनौट भएको संस्थाले मान्यता प्राप्त Mountain Guide लाई कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रुपमा सहभागी गराउनु पर्नेछ । छनौट भएको संस्थासँग कार्यक्रम कार्यान्वयन गर्ने निकायले सम्झौता गरी कार्य सञ्चालन गर्नेछ । छनौट भएको संस्थाले यस रुटमा पर्ने अप्ठ्यारो वा दोबाटो भएको स्थान र करिव १ घण्टाको पैदल मार्गमा सबैले देख्ने गरी Sinage पनि राख्नु पर्नेछ । सम्बन्धित संस्थाले बाटो, Sinage राखीएको स्थान तथा Camping sites को GPS Point



प्रमोद भट्टराई
प्रदेश सचिव

सुदूरपश्चिम प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
धनगढी, नेपाल
२०७४

लिइ सोको नक्साङ्कन सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ । यसका लागि फोटो, बिल भर्पाई र प्रतिवेदन पेश भए पश्चात एकमुष्ट वा किस्तावन्दी गरी संस्थाको बैक खातामा रकम भुक्तानी गरिनेछ ।

यस कार्यक्रम शीर्षकमा विनियोजित वजेटबाट कार्यक्रम सञ्चालनको क्रममा बस्ने निर्णयाक बैठकमा सहभागीहरुको बैठक भत्ता, खाना र खाजामा समेत खर्च गर्न सकिनेछ ।

### १०.२ डल्फिन संरक्षण कार्यक्रम

यस कार्यक्रमबाट कर्णाली र मोहना नदीको डल्फिन पाइने क्षेत्रका स्थानीय जनताहरूको सहभागीतामा सम्बन्धित स्थानमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, सूचनामूलक होर्डिङ बोर्डहरू राख्ने समेतका चेतना तथा सूचनामूलक कार्यहरु सञ्चालन गरिनेछ । यसबाट डल्फिनको फोटो फ्रेमहरु, पोष्टर, पम्पलेट पनि तयार गर्न सकिनेछ । यो कार्यक्रम कार्यान्वयन गर्ने निकायका कर्मचारीलाई कार्यदिश दिई वा स्थानीय डल्फिन संरक्षण सम्बन्धी काम गरी रहेका संस्थासँग सम्झौता गरी कार्य कार्यान्वयन गर्न सकिनेछ ।

### १०.३ पर्यटन सहायता केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यक्रम

सुदूरपश्चिमका मुख्य नाकाहरूबाट प्रवेश गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई प्रवेश विन्दुमै छिटो छरितो सूचना प्रवाह, सहजीकरण गर्नुका साथ साथै भित्रिएका पर्यटकहरूको तथ्याङ्क अध्यावधीक गर्ने उद्देश्यले विगत देखि त्रिनगर भन्सार नाका, कैलाली तथा कन्चनपुरको गड्डाचौकी भन्सार नाकामा होटल व्यावसायी संघसँगको सहकार्यमा स्थापना भएको पर्यटक सहायता कक्ष सञ्चालन तथा व्यवस्थापन गरी सेवा सुचारू राख्न तथा सुदूरपश्चिम प्रदेशको प्रमुख पूर्वि प्रवेश नाकाको रुपमा रहेको कर्णाली चिसापानीमा थप पर्यटन सहायता कक्ष सञ्चालन गर्न तत् तत् पर्यटन व्यावसायी संघ संस्थाहरूसँग MOU (समझदारी पत्र) गरी सोही बमोजिम कार्यक्रम संयोजन तथा व्यवस्थापनका लागि यस शीर्षकको रकम खर्च गरिनेछ ।

यस कार्यक्रममा विनियोजन भएको बजेटलाई उल्लेखित पर्यटक सहायता कक्षमा आवश्यकताका आधारमा सम्बन्धित पर्यटन व्यवसायी संघ, संस्थाको निर्णय सहितको प्रस्तावना बमोजिम निम्नानुसारका कृयाकलापहरू सञ्चालन गर्न सकिनेछ ।

क) सहायता कक्षको रेखदेख र पर्यटकहरूलाई सूचना दिन तथा तथ्याङ्क अध्यावधिक राख्नको लागि आवधिक रुपमा सहजकर्ताको व्यवस्थापन।

ख) सहायता कक्षको सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि इन्टरनेट जडान गर्न ।

ग) कार्यालय सञ्चालनका लागि फर्निचर, स्टेसनरी तथा मसलन्द सामग्री खरीद गर्न, सहायता कक्ष सञ्चालनको लागि आवश्यक पर्ने सूचना तथा जानकारीमूलक सामग्रीको उत्पादन गर्न ।

घ) पर्यटकीय क्षेत्रहरुको बिबरण सहित सहितको ब्रोसर प्रकाशन गर्ने,

ङ) पिउने पानीको व्यवस्था गर्न ।



प्रमोद भट्टराई
प्रदेश सचिव

यसरी उपरोक्त बुदा अन्तर्गतका विषयबस्तुहरू समेटी पर्यटक सहायता कक्ष सञ्चालन तथा संयोजन गरीरहेका वा गर्न ईच्छुक होटल वा पर्यटन ब्यवसायी संघसँग द्विपक्षिय समझदारी पत्र तयार गरी सोही बमोजिम सम्बन्धित व्यावसायी संघबाट निर्णय सहित पेश भएका बिल, भर्पाई, प्रगति प्रतिवेदन, सहजकर्ताको हाजिरीको आधारमा स्वीकृत बजेट एवं समझदारी पत्रको अधिनमा रहि पटक पटक गरी सम्बन्धित संस्थाको बैक खातामा भुक्तानी गरिनेछ । कार्यक्रम सञ्चालन गर्ने संस्थाले सहायता कक्षमा संकलित तथ्याङ्कहरू विश्लेषण गरी सुझाव सहितको प्रगति प्रतिवेदन मासिक रुपमा कार्यान्वयन गर्ने निकायमा पेश गर्नुपर्नेछ ।

## १०.४ पर्यटन महोत्सव

### (क) विश्व पर्यटन दिवस मनाउने

विश्वमा पर्यटनको महत्व बारे जनचेतना फैलाउने उद्देश्यले हरेक सेप्टेम्बर २७ मा विश्व पर्यटन दिवस मनाउने गरेको पाईन्छ । विश्व पर्यटन दिवस मनाउन सुदूरपश्चिम प्रदेशका पर्यटन व्यवसायी, सम्बन्धित स्थानीय तह, सरकारी तथा गैह्र सरकारी संघ, संस्था एवं निजी क्षेत्रको प्रतिनिधित्व हुने गरी एउटा समारोहको आयोजना गरी मनाईनेछ। यो कार्यक्रममा सुदूरपश्चिम प्रदेशको उपर्युक्त स्थानमा पर्यटन प्रवर्द्धन सम्बन्धी विविध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी मनाइनेछ । यो कार्यक्रम सञ्चालनको लागि लागत अनुमान स्वीकृत गरी प्रचलित कानून बमोजिम खर्च गरिनेछ । यस वर्षको पर्यटन महोत्सव कार्यक्रम सम्पन्न भै सकेको हुँदा सम्पन्न महोत्सवमा भएको खर्च यस शीर्षकमा विनियोजित वजेटबाट भुक्तानी गरिनेछ ।

यस कार्यक्रम शीर्षकमा विनियोजित वजेटबाट कार्यक्रम सञ्चालनको क्रममा बस्ने निर्णयाक बैठकमा सहभागीहरुको बैठक भत्ता, खाना र खाजामा समेत खर्च गर्न सकिनेछ ।

### (ख) प्रादेशिक पर्यटन महोत्सव

यस कार्यक्रमको लागि विनियोजित बजेट प्रदेश स्तरिय महोत्सव सञ्चालन गर्न सम्बन्धित सरोकारवालाहरूसँग आर्थिक सहकार्य गर्ने उद्देश्य रहेकोछ । प्रदेश भित्र उत्पादन हुने पर्यटकीय वस्तु तथा सेवाको प्रवर्द्धन तथा प्रचार– प्रसार गर्दै प्रदेशलाई पर्यटन मैत्री प्रदेशको रुपमा विकास गर्ने लक्ष्य प्रदेश सरकारको नीति तथा कार्यक्रममा समेटिएको छ ।

प्रदेश सरकारले पर्यटन क्षेत्रका गतिविधिहरूलाई व्यवसायीक रुपमा अघि बढाउन विभिन्न संघ संस्थाहरूसँग आर्थिक सहकार्य गर्दै आएको छ । सोही सन्दर्भमा प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्रादेशिक पर्यटन महोत्सव" कार्यक्रमका लागि बजेट विनियोजन गरीएको छ । यो प्रादेशिक पर्यटन महोत्सव कार्यक्रम यस प्रदेशमा रहेका पर्यटनसंग सरोकार राख्ने संघ, संस्थाहरुसंग सहकार्य गरी संञ्चालन गरिनेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

प्रादेशिक पर्यटन महोत्सव कार्यक्रम सञ्चालनका लागि निम्न कार्यविधि अपनाईनेछ ।

## १. कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि

क) पर्यटन व्यवसायसँग सम्बन्धित संघ, संस्था, सम्बन्धित स्थानीय तहका प्रतिनिधि, सरोकारवाला संघ संस्था, मन्त्रालयको सम्बन्धित शाखा र कार्यक्रम कार्यान्वयन गर्ने निकायका कर्मचारी सहितको बैठक बसी महोत्सव सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ । यसका अतिरिक्त बैठकले महोत्सवको नामाकरण, सञ्चालन गरिने मिति, अवधि, सञ्चालन गरिने स्थान निर्धारण गर्नुका साथै महोत्सव सञ्चालन तथा व्यवस्थापन उप-समिति गठन समेतका कार्यहरु गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पठाउनु पर्नेछ ।

ख) यस अन्तर्गत गठित समितिले आर्थिक सहकार्य तथा कार्यगत सहकार्य हुने संघ, संस्था यकिन गरी कार्यक्रम सम्बन्धी तोकिएका बिषयबस्तुहरु समावेस गरी लागत अनुमान सहितको विस्तृत प्रस्तावना तयार गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा स्वीकृतका लागि पेश गर्नेछ ।

ग) कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पेश भएको महोत्सव कार्यक्रम सम्बन्धी लागत अनुमान सहितको विस्तृत प्रस्तावना स्वीकृत भए पछी महोत्सव सञ्चालन तथा व्यवस्थापन समिति र कार्यक्रम कार्यान्वयन गर्ने निकाय बिच कार्यक्रम सञ्चालन सम्बन्धी सम्झौता गर्नुपर्नेछ।

घ) कार्यक्रम कार्यान्वयन गर्ने निकायले स्वीकृत प्रस्ताबनामा उल्लेखित कृयाकलापहरु सञ्चालनका लागि योग्यता पुगेका संघ, संस्था, ब्यक्ति वा फर्मबाट दरभाउ पत्र आह्वान गरी स्थानिय पत्रिकामा १५ दिने सूचना प्रकाशन गर्नेछ ।

ङ) सूचनाको म्याद भित्र रितपूर्वक दर्ता भएका दरभाउ पत्रहरु नियमानुसार मुल्याङ्कन गरी छनौट गरिनेछ ।

च) छनौट भएको संघ, संस्था, ब्यक्ति वा फर्मसंग प्रचलित कानून बमोजिम महोत्सव सञ्चान तथा व्यवस्थापन समितिको रोहबरमा सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायले महोत्सव सञ्चालन तथा व्यवस्थापन समिति मार्फत कार्य सञ्चालन गर्नेछ ।

## २. सञ्चालन गरिने कृयाकलापहरु

यस कार्यक्रम अन्तर्गत निम्न कृयाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

क) महोत्सव कार्यक्रमको प्रचार प्रसार, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थास्तरमा समन्वय,

ख) महोत्सव कार्यक्रम सञ्चालन,

ख) प्रमुख पर्यटकीय क्षेत्रहरुको अवलोकन भ्रमण प्याकेज सञ्चालन,

ग) ऱ्याफ्टिङ इभेन्ट सञ्चालन, बिभिन्न बिधा सम्बन्धी सम्मेलन सन्चालन,

घ) प्रतियोगितात्मक खेल तथा सांस्कृतिक कार्यक्रम सञ्चालन,

ङ) हरित पर्यटकीय सांगितिक कन्सर्ट आयोजना,

च) पर्यटन प्रवर्धनसंग सम्बन्धित अन्य क्रियाकलापहरु ।



प्रमोद भट्टराई
प्रदेश सचिव

## ३. प्रस्तावमा समावेस हुनुपर्ने बिषयबस्तुहरु

यस अन्तर्गत महोत्सव कार्यक्रम सञ्चालन गर्न महोत्सव व्यवस्थापन तथा सञ्चालन समितिले कार्यक्रम कार्यान्वयन गर्ने निकाय समक्ष पेश गर्ने प्रस्तावनामा निम्न बिषयहरु अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

क) महोत्सव कार्यक्रमको किसिम, नाम, सञ्चालन गरिने स्थान, अवधि र इभेन्ट,

ख) कार्यक्रम सञ्चालनको लागि सहकार्य गर्ने संस्थाको नाम, ठेगाना सहितको बिस्तृत विवरण,

ग) कार्यक्रममा आर्थिक सहकार्य गर्ने संस्थाले ब्यहोर्ने रकम तथा कार्यगत सहकार्य गर्ने संस्थाले सहकार्य गर्ने क्षेत्र वा कार्य विवरण,

घ) कार्यक्रम सञ्चालनबाट पर्यटन प्रवर्द्धनमा पर्ने प्रभाव,

ङ) कार्यक्रम शीर्षक अनुसार लागत खर्च विवरण तथा जिम्मेबार निकाय,

च) यस प्रदेशसंग जोडिएका सिमावर्ति क्षेत्रका पर्यटन व्यवसायीहरुको समारोहमा सहभागिताको सुनिश्चितता,

छ) कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित संस्था, मन्त्रालयको लोगो, महोत्सवको नारा, ब्यानर तथा प्रदेशको पहिचान झल्किने बिषयहरु आदि ।

## ४. कार्यक्रमको अनुगमन तथा संस्थागत जिम्मेवारी

क) सञ्चालित कार्यक्रमको मन्त्रालय, कार्यक्रम कार्यान्वयन गर्ने निकाय र अनुगमन समितिले आवश्यकता अनुसार जुनसुकै बेला अनुगमन गरी पृष्ठपोषण दिन सक्नेछ । मन्त्रालय, कार्यक्रम कार्यान्वयन गर्ने निकाय र अनुगमन समितिले दिएको पृष्ठपोषणको कार्यान्वयन गर्नु समिति र कार्यक्रम सञ्चालनको आर्थिक तथा कार्यगत सहकार्य गर्ने संस्थाको दायित्व हुनेछ ।

ख) कार्यक्रम सञ्चालन गर्ने समिति वा संस्थाले लागत सहकार्य गर्ने निकायको नाम, ठेगाना र रकम खोली कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी टाँस गरी राख्नु पर्नेछ ।

ग) महोत्सव कार्यक्रम सञ्चालन अवधिको आम्दानी र खर्चको हर हिसाब महोत्सव सञ्चालन तथा व्यवस्थापन समितिले राख्नु पर्नेछ ।

घ) महोत्सवको समापन कार्यक्रममा समिति वा सहकार्य गर्ने संस्थाले यस कार्यक्रमको आम्दानि तथा खर्च सार्वजनिक गर्नुपर्नेछ ।

ङ) महोत्सव सञ्चालन तथा व्यवस्थापन समितिको कार्यक्रम सञ्चालन सम्बन्धी निर्णय, कार्यक्रम सञ्चालन गर्नु पूर्व र सञ्चालनको क्रममा खिचिएका फोटो, भिडियो र सम्बन्धित संस्था, फर्म वा ब्यक्तिबाट प्राप्त खर्चको बील भर्पाई संलग्न राखी कार्यक्रमको विस्तृत प्रतिवेदन कार्यक्रम कार्यान्वयन गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछ । महोत्सवमा बिभिन्न कार्य सञ्चालनको जिम्मेबारी प्राप्त ब्यक्ति, संस्था, फर्म वा कम्पनिलाई सेवा वापतको रकम भुक्तानीको लागि महोत्सव सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिस साथ अनुरोध भइ आए पश्चात कार्यक्रम



प्रमोद भट्टराई
प्रदेश सचिव

कार्यान्वयन गर्ने निकायले नियमानुसार भुक्तानी पाउनु पर्ने व्यक्ति, संस्था, फर्म वा कम्पनिको बैक खातामा भुक्तानि गरिनेछ ।

यस कार्यक्रम शीर्षकमा विनियोजित वजेटबाट कार्यक्रम सञ्चालनको क्रममा बस्ने निर्णायक बैठकमा सहभागीहरुको बैठक भत्ता, खाना, खाजा तथा महोत्सव सञ्चालनको क्रममा तत्काल आवश्यक देखिएका बिबिध शीर्षकमा समेत खर्च गर्न सकिनेछ ।

**(ग) प्रदेश स्तरीय होमस्टे मेला महोत्सव**

होमस्टे मेला महोत्सव मार्फत पर्यटन प्रवर्द्धन गर्न आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्रदेश स्तरिय होमस्टे मेला महोत्सव" कार्यक्रमका लागि बजेट विनियोजन गरीएको छ । यस कार्यक्रम अन्तर्गत प्रदेश भित्रका पर्यटकीय क्षेत्र, वस्तु तथा सेवाहरूको पहिचान, विकास, प्रवर्द्धन, विविधिकरण तथा प्रचार प्रसार गर्ने उद्देश्यले सञ्चालन हुने "प्रदेश स्तरिय होमस्टे मेला महोत्सव" कार्यक्रम सुदूरपश्चिम प्रदेश होमस्टे महासंघ र होमस्टे महासंघ, नेपाल, होमस्टेसंग सम्बन्धित अन्य संघ संस्थाहरुसंग समेत सहकार्य गरी सञ्चालन गरिनेछ । यसका लागि कार्यान्वयन गर्ने निकायले होमस्टे महासंघका प्रतिनिधिहरुसंग बैठक गरी यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कार्यक्रमको खाका तथा विधि तयार गरिनेछ ।

यस कार्यक्रम अन्तर्गत महोत्सव सञ्चालनका लागि कार्यक्रम सञ्चालन तथा आर्थिक सहकार्यका लागि स्थानीय पत्रिकामा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिनेछ । कार्यक्रम कार्यान्वयन गर्ने निकायले निर्धारण गरेको मापदण्डको आधारमा पेश भएका प्रस्तावहरुको मूल्याङ्कन दफा ८.१ बमोजिमको मूल्याङ्कन समितिले गरी सिफारिस सहित कार्यान्वयन गर्ने निकायको प्रमुख समक्ष पेश गर्नुपर्नेछ । कार्यान्वयन गर्ने निकायले सिफारिस भएको संस्थासंग सम्झौता गरी सम्बन्धित संस्था मार्फत कार्य सञ्चालन गर्न सक्नेछ ।

यस कार्यक्रमका लागि विनियोजित वजेटबाट कार्यक्रम कार्यान्वयन गर्ने निकायले कार्यक्रम आयोजना स्थलमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम (Exhibition Stall) सञ्चालन, साँस्कृतिक कार्यक्रम, हल व्यवस्थापन, होमस्टे सम्बन्धी ब्रोसर तयारी तथा प्रकाशन, कार्यक्रम सञ्चालनको क्रममा बस्ने निर्णायक बैठकमा सहभागीहरुको खाजा, खाना, बैठक भत्ता तथा स्टेशनरीमा समेत खर्च गर्न सकिनेछ ।

**१०.५ सुदूरपश्चिम प्रदेशका प्रमुख पर्यटकीय स्थल तथा वन्यजन्तु सम्बन्धी फोटो प्रदर्शनि**

यो कार्यक्रम सकभर प्रदेश स्तरिय मेला महोत्सव सञ्चालन हुनु पूर्व तयारी गरी सम्बन्धित मेला महोत्सवमा प्रदर्शनिका लागि फोटोहरू राख्ने व्यवस्था गरिनेछ । यस कार्यक्रमको रकम सुदूरपश्चिम प्रदेशका प्रमुख पर्यटकीय स्थल तथा वन्यजन्तु सम्बन्धी फोटो संकलन, फोटो फ्रेम /स्टयाण्ड तयारी र फोटो प्रदर्शनी सञ्चालन सम्बन्धी कृयाकलापहरूमा खर्च गरिनेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

यसका साथै यस शीर्षकको रकम कार्यान्वय गर्ने निकाय वा सुचिकृत सँघ संस्थाले मेला महोत्सव कार्यक्रम आयोजना स्थलमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम र फोटो प्रदर्शनी स्थल सञ्चालन तथा व्यवस्थापनका लागि सहजकर्ताहरूको खाजा, ज्याला, भत्ताको रुपमा समेत खर्च गर्न सक्नेछ ।

**१०.६ पर्यटन दूत घोषणा, सहजिकरण तथा पर्यटन प्रवर्द्धन कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत पर्यटन दूत छनौटका लागि मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुखको संयोजकत्वमा पर्यटन शाखा र लेखा शाखामा कार्यरत अधिकृत कर्मचारी, कार्यक्रम कार्यान्वयन गर्ने निकायको प्रमुख र पर्यटन व्यवसायीको प्रतिनिधि समेत गरी बढीमा ५ जना रहने गरी मन्त्रालय स्तरको छनौट तथा सिफारिस समिति गठन गरिनेछ । उक्त समितिले प्रचलित कानून अनुसारको कार्यविधि अपनाइ पर्यटन दूत छनौटको लागि मापदण्ड निर्धारण, पर्यटन दूतको काम, कर्तव्य र जिम्मेबारी तथा सेवा, सुविधा निर्धारण गरी सुदूरपश्चिम प्रदेशको पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण भूमिका खेल्दै आएको र खेल्न सक्ने व्यक्ति मध्येबाट पर्यटन दूत छनौट गरी नियुक्तिका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ । यसका लागि छनौट तथा सिफारिस समितिले सम्बन्धित विज्ञबाट सेवा लिन सक्नेछ । पर्यटन दूतको नियुक्ति मन्त्रालयको मन्त्रीस्तरिय निर्णयबाट हुनेछ । पर्यटन दूत नियुक्तिका लागि सिफारिस भएको व्यक्तिलाई आर्थिक वर्ष २०८१/०८२ का लागि सुदूरपश्चिम प्रदेशको पर्यटन दूत घोषणा गरी प्रमाणपत्र समेत प्रदान गरिनेछ ।

यस शीर्षकमा विनियोजित बजेटबाट कार्यान्वयन गर्ने निकायले वार्षिक कार्यक्रममा नसमेटिएका पर्यटन प्रवर्द्धन सम्बन्धी अन्य कार्यक्रमहरू पनि सञ्चालन गर्न र कार्यक्रम सञ्चालनको क्रममा बस्ने बैठकमा सहभागीहरुको बैठक भत्ता, स्टेशनरी, खाना र खाजामा समेत खर्च गर्न सकिनेछ ।

**१०.७ बिभिन्न पर्यटकीय स्थलको विवरण सहितको होर्डिङ बोर्ड र साईनेज डिजाइन, निर्माण तथा जडान**

यस कार्यक्रम अन्तर्गत कार्यान्वयन गर्ने निकायले सुदूरपश्चिम प्रदेशका प्रमुख पर्यटकीय क्षेत्र र कृयाकलापहरू झल्किने होर्डिङ बोर्ड, भित्ते चित्र लेखन, साइनेज डिजाइन, निर्माण तथा जडान गर्ने कार्यका लागि खर्च गर्न सक्नेछ । यसका लागि कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा सम्पन्न गर्नेछ ।

**१०.८ पर्यटन सम्बन्धी विभिन्न पम्पलेट तथा ब्रोसर निर्माण, खरिद तथा वितरण**

यस कार्यक्रम अन्तर्गत कार्यान्वयन गर्ने निकायले पर्यटकीय कृयाकलाप, पर्यटकीय क्षेत्रहरूको फोटो तथा विवरण सहितको पम्पलेट, ब्रोसर, किताव निर्माण, खरिद तथा वितरण गर्नेछ । यस कार्यका लागि कार्यान्वयन गर्ने निकायले यस सम्बन्धी कार्य गर्ने संस्थासँग सम्झौता गरी कार्य सञ्चालन तथा सम्पन्न गर्न सक्नेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

### १०.९ अपाङ्गता भएका व्यक्तिहरूको लागि पर्यटन प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत कार्यान्वयन गर्ने निकायले अपाङ्गता सम्बन्धी काम गरी रहेका संघ, संस्थाहरूबाट प्रस्तावना माग गरी अपाङ्गता भएका व्यक्तिहरूलाई पर्यटन प्रवर्द्धन विषयमा सम्बन्धित विज्ञहरूबाट तालिम, गोष्ठि लगायतका क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन वा महोत्व सञ्चालन गरिनेछ। यस कार्यका लागि कार्यान्वयन गर्ने निकायले आफैले वा यस सम्बन्धी कार्य गर्ने संस्थासँग सम्झौता गरी कार्य सञ्चालन तथा सम्पन्न गर्न सक्नेछ ।

### १०.१० बडिमालिका मेला व्यवस्थापन कार्यक्रम

जनै पूर्णिमाको समयमा बाजुरा जिल्लामा अवस्थित बडिमालिका भगवती मन्दिरमा लाग्ने मेला र अन्य समयमा जाने पर्यटकहरुको लागि उक्त क्षेत्रमा बस्न, खान, शौचालय र खानेपानीको उचित व्यवस्था नभएकोले उक्त क्षेत्र फोहोर र प्रदुषित हुने गरेको छ । उक्त क्षेत्रको सरसफाइ र यात्रुहरूको सुविधालाई ध्यानमा राखी यस शीर्षकमा विनियोजित बजेटबाट स्थानीय तह र सरोकारवालाहरूसँगको सहकार्यमा यात्रुहरु बस्नका लागि अस्थायी टहराहरू निर्माण, यात्रुहरूको लागि पानीको व्यवस्था, अस्थायी शौचालय निर्माण, बाटो निर्माण तथा मर्मत र मेला सम्पन्न भै सके पछि उक्त क्षेत्रको सरसफाइ र फोहोर व्यवस्थापन लगायतका कार्यमा खर्च गरिनेछ । यस वर्ष बडिमालिका मेला सम्पन्न भइ सकेको र मेला सञ्चालन हुदा उल्लेखित कार्यहरु स्थानीय तहसंग सहकार्य गरी विभिन्न संघ, संस्था मार्फत सञ्चालन र सम्पन्न भै सकेको हुदा मेलामा सञ्चालन गरीएका कृयाकलापहरूको बिल, भर्पाई र सम्बन्धित स्थानीय तहको सिफारिसको आधारमा खर्च भुक्तानी गरिनेछ । यसका साथै यस शीर्षकको रकम बडिमालिकाको आगामी वर्षको मेला पूर्व तयारी सम्बन्धी कृयाकलापमा पनि खर्च गर्न सकिनेछ ।

## ११. पर्यटकीय बस्तु र सेवा सुविधा विस्तार

यस कार्यक्रमको उद्देश्य प्रदेश भित्र रहेका पर्यटकीय बस्तु र सेवाहरूको पहिचान, उत्पादन, विधिकरण, बजारीकरण तथा प्रवर्द्धन गर्नु रहेकोछ । यस अन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

### ११.१ प्रदेशमा रहेका प्रमुख पर्यटकीय क्षेत्र तथा वन्यजन्तु सम्बन्धी प्रचार प्रसार सामग्री (फोटो फ्रेम) तयारी तथा वितरण

यस कार्यक्रम अन्तर्गत कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रदेशका प्रमुख पर्यटकीय क्षेत्र तथा वन्यजन्तु सम्बन्धी फोटो खरिद, फोटो फ्रेमिङ, प्रचार प्रसार सामग्री तयारी तथा वितरण सम्बन्धी कृयाकलापहरुमा खर्च गर्न सक्नेछ । यो कार्यक्रम सञ्चालन गर्न कार्यान्वयन गर्ने निकायले सम्बन्धित काम गर्ने व्यक्ति, संस्था वा फर्मसँग सम्झौता गरी कार्य सञ्चालन तथा सम्पन्न गर्न सक्नेछ ।

### ११.२ प्रदेशको पहिचान झल्कीने मायाको चिनो डिजाइन, निर्माण तथा खरीद

यस कार्यक्रम अन्तर्गत मायाको चिनोको रूपमा प्रदान गर्न सकिने बस्तुहरूको पहिचान, डिजाइन गरी निर्माण तथा खरिद गरिनेछ । विभिन्न कार्यक्रम तथा समारोहहरूमा पर्यटक, अथितिहरू तथा प्रदेशको बिभिन्न क्षेत्रमा



प्रदेश सचिव

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
धनगढी

क्रियाशिल र सञ्चालित कार्यक्रममा सहभागी भइ प्रदेश बाहिर [illegible], लागिनु भएका व्यक्ति तथा संस्थाहरूलाई प्रदेशको उपहार स्वरुप उक्त मायाको चिनो प्रदान गरिनेछ । कार्यान्वयन गर्ने निकाय र मन्त्रालयको कर्मचारी बैठकले निर्णय गरी मायाको चिनो निर्धारण गरेपछि नियमानुसार मायाको चिनो निर्माण तथा खरीद गर्न सकिनेछ । मायाको चिनो निर्धारण गर्दा सकभर यसै प्रदेशमा उत्पादित कच्चा पदार्थ, श्रम र सीपको उपयोग भएको र प्रदेशको पहिचान झल्किने कुरालाई प्राथमिकता दिनु पर्नेछ । कार्यान्वयन गर्ने निकायले स्थानिय कच्चा पदार्थबाट उत्पादन भएका र स्थानिय कला, सँस्कृति झल्किने बस्तुहरु उत्पादन गरी रहेका व्यक्ति वा संस्थासंग सम्झौता गरी मायाको चिनो खरिद गरिनेछ ।

यस कार्यक्रम शीर्षकमा विनियोजित वजेटबाट कार्यक्रम सञ्चालनको क्रममा बस्ने बैठकमा सहभागीहरुको बैठक भत्ता र खाजामा समेत खर्च गर्न सकिनेछ ।

## ११.३ पर्यटन सूचना केन्द्र तथा Souviner Shop स्थापना तथा प्रवर्द्धन

सुदूरपश्चिम प्रदेशमा घुम्न आउने वा आउन चाहने पर्यटकहरूको लागि आवश्यक पर्यटकीय सूचनाहरू द्रुतगतीमा प्रवाह गर्ने र पर्यटकहरू भित्रिने र बाहिरीने प्रमुख नाका नजिकको स्थान वा धनगढी एयरपोर्टमा सुदूरपश्चिम प्रदेशका पर्यटकीय उत्पादनहरू प्रदर्शन गर्ने गरी पर्यटन सूचना केन्द्र तथा Souviner Shop स्थापना तथा सञ्चालन गर्न यस शीर्षकको वजेट रकम खर्च गरिनेछ । यसका साथै शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयको प्रवेशद्वार नजिक पर्यटन सूचना केन्द्र तथा Souviner Shop स्थापना तथा सञ्चालन गर्न सकिनेछ । यस कार्यक्रमबाट पर्यटन सहायता कक्ष वा केन्द्र सञ्चालनमा सहभागी संस्था वा पर्यटन व्यवसायी संस्था वा पर्यटन व्यवसायमा आवद्ध निजी क्षेत्रको सहकार्यमा Souviner Shop स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि सम्झौता गरी आर्थिक सहकार्य गरिनेछ ।

कार्यान्वयन गर्ने निकायले स्थानिय कच्चा पदार्थबाट उत्पादन भएका र स्थानिय कला, सँस्कृति झल्किने बस्तुहरु उत्पादनको काम गरी रहेका व्यक्ति वा संस्थासंग प्रचलित कानून अनुसार सम्झौता गरी Souviner Shop हरुमा राखिने उपज तथा बस्तुहरु खरिद गर्न सक्नेछ । यस्ता बस्तुहरु गुणस्तरिय र मौलिक कलात्मक शैलिमा निर्माण गरीएको हुनु पर्नेछ । यस्ता Souviner Shop हरुमा कार्यान्वयन निकायबाट उत्पादन वा खरिद गरीएको मायाको चिनोहरुका साथै स्थानिय व्यक्ति वा संस्थाबाट उत्पादित पर्यटकीय उत्पादनहरु बिक्रीका लागि निशुल्क राख्ने व्यवस्था समेत गर्न सकिनेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

यस कार्यक्रममा विनियोजन भएको बजेटलाई सम्बन्धित संस्थाको निर्णय तथा प्रस्तावना बमोजिम निम्नानुसारका कृयाकलापहरू सञ्चालन गर्न सकिनेछ ।

- सूचना केन्द्र तथा सञ्चालन गरीएको Souviner Shop मा ईन्टरनेट सेवा जडान गरी वेभ साईट, युट्युब, फेसबुक पेज, Mobile App. वा यस्तै अन्य बिद्युतिय माध्यमबाट पर्यटकीय सूचनाहरू प्रबाह गर्ने ।
- Souviner Shop सञ्चालनका लागि घरभाडा, बिजुली, पानी, सहजकर्ता आदिको व्यवस्थापन गर्ने ।
- Souviner Shop सञ्चालन गर्न स्थानीय उपज र वस्तुहरू खरिद गर्ने, फर्निचर, कम्प्यूटर, ल्यापटप, स्टेसनरी तथा मसलन्द सामग्री खरीद गर्ने ।

सम्बन्धित संघ, संस्थाबाट निर्णय सहित पेश भएका बिल, भर्पाई बमोजिम स्वीकृत बजेट एवं समझदारी पत्रको अधीनमा रहि एकै पटक वा पटक पटक गरी सम्बन्धित पक्षलाई भुक्तानी गरिनेछ । सम्बन्धित संस्थाले सूचना केन्द्रबाट संकलित तथ्याङ्कहरू विश्लेषण गरी सुझाव सहितको प्रगति प्रतिवेदन मासिक रुपमा कार्यान्वयन गर्ने निकायमा पेश गर्नुपर्नेछ ।

प्रमोद भट्टराई
प्रदेश सचिव